**Teachers Wanted**

We are looking for energetic, enthusiastic, self-motivated and Experienced for following posts:

| Post | Level | No. | Qualification/ Experience |
|---|---|---|---|
| Grade | Pre-Primary | 2 | Bachelor Running /at least a year |
| Nepali | L. Secondary | 1 | |
| Health/Grammar | L. Secondary | 1 | |
| Computer | Primary/L. Sec. | 1 | |
| Local Curriculum | Primary/L. Sec. | 1 | |
| Drawing | All Class | 1 | |

Apply self-handwritten application within 7 Baisakh -2080 **(Salary: No bar for deserving Candidates)**

**For Details:**

**Sacred Heart Academy**

Suryavinayak, Bkt, Phone : 016615772/9841432048

sacredheartacademy73@ gmail.com

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com

**श्रमिकको अधिकार सुनिश्चित गरौं**

- श्रम र श्रमिकको सम्मान गरौं।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं।
- श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं।
- श्रमिकको योगदानको कदर गरौं।

"श्रमको सम्मान, राष्ट्रको अभियान"

अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष : २६ ★ अङ्क : ८३ ★ ने. सं. ११४४ चौला थ्व, सप्तमी ★ सोमबार ★ ३ वैशाख, २०८१ ★ April 15, 2024, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## संसद्को भए गरेका विवरण स्पष्ट हुनु जरुरी

काठमाडौँ, २ वैशाख । प्रतिनिधिसभाको तेस्रो अधिवेशन आइतबार राति १२ बजेदेखि अन्त्य गरियो । यो अधिवेशनको अन्तिम तथा २३ औँ बैठक बिहान ११:३० बजे आइतबार सुरू भयो । बैठक सुरू भएलगत्तै प्रमुख विपक्षी नेका, विपक्षी राप्रपा, लोसपा, नाउपाका सांसदहरू आ-आफ्नो स्थानमा उठ्नुभयो । सभामुख देवराज घिमिरेले संसद्को तेस्रो अधिवेशन अन्त्य हुनेबारे सार्वजनिक सूचना जारी भएको सम्झाउँदै कार्यव्यवस्था समितिको बैठकमा भएको सहमतिअनुसार बैठकको कारबाही अघि बढाउनुपर्नेमा जोड दिनुभयो । सहमतिविपरीत प्रतिनिधिसभाको बैठकमा प्रमुख विपक्षी र केही विपक्षी दलका सांसदहरू आ-आफ्नो स्थानमा उठ्नु गलत भएको सभामुख घिमिरेले उल्लेख गर्नुभयो ।



सभामुख घिमिरेले प्रमुख विपक्षी र केही विपक्षी दलका सांसदहरू उठिरहेकै बेला कार्यसूचीको क्रमसङ्ख्या एकदेखि सातसम्मको विषय हटाइएको घोषणा गर्नुभयो । तत्पश्चात् उठिरहेका सांसदहरूले आसन ग्रहण गर्नुभयो । सुरू र अन्तिम दिन सामान्यतः उपस्थित दलका प्रतिनिधिहरूलाई वक्तव्य दिने समय उपलब्ध हुन्थ्यो । तर, शासक दलहरूको कार्यव्यवस्था समितिमा कसैलाई बोल्न नदिने सहमति गरिएको दुईदलीय तानाशाही हो अर्थात् परम्परा तोडिनु पनि 'कु' नै हो ।

सभामुख घिमिरेले १० भन्दा बढी बैठकमा लगातार अनुपस्थित वसन्तकुमार नेम्वाङ, मनोरम शेरचन, सोनु मुर्मुको अनुपस्थिति अनुमोदन गराउन बैठकमा पेस गर्नुभयो । सो प्रस्तावलाई सत्ता पक्षले समर्थन गऱ्यो ।

सभामुख घिमिरेले तेस्रो अधिवेशन २०८० माघ २२ गते सुरू भएको र २०८१ वैशाख २ गतेसम्म २३ दिनमा २३ पटक भएको जानकारी गराउनुभयो । बैठकमा आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश २०८० स्वीकृत भएको 'बिम्स्टेक बडापत्र' अनुमोदन गरिएको, सम्पत्ति शुद्धीकरण ऐन संशोधन विधेयक स्वीकार गरिएको, अनुगमन विधेयक र खाद्य स्वच्छता विधेयक पारित भएको उल्लेख गर्नुभयो ।

सांसद सुवालले सभामुखसँग बिचमा समय माग गर्दै चारओटा विधेयक र बिम्स्टेक बडापत्र सर्वसम्मत वा बहुमत कसरी पारित भयो स्पष्ट उल्लेख गर्नुपर्नेमा जोड दिनुभयो । सांसद सुवालले उल्लेखित विधेयक र बडापत्रको विपक्षमा मत दिनुभएको थियो । सभामुख घिमिरेले ध्यान आकृष्ट भएको मात्र जवाफ दिनुभयो ।

नेकाका सांसद रामहरि खड्काले १० बैठकमा अनुपस्थिति सांसदको अनुमोदन गराइएजस्तै सबै बैठकमा उपस्थित भएका १० जना सांसदको नाम बैठकमा पेस गर्ने व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो । सांसद खड्काको यो सुझाव माइक बन्द हुँदा बैठकको अभिलेख भिडियोमा समावेश भएन । सभामुख घिमिरेले 'के गर्ने पछि गरौँला' भनी जवाफ दिनुभयो ।

संसद्ले देश र जनताको हितमा कानुन बनाउने हो तर, सम्पत्ति शुद्धीकरण ऐन संशोधन विधेयकमा स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्नेमा राजस्व तिराएर वैध बनाउने उल्लेख छ । यस्तो कानुन त 'बिरालोलाई दूध साक्षी' जस्तै हो ।

केही वर्षअगाडिको संसद्बाट विदेशी पुँजी लगानी गराउने भनी लगानी बोर्ड ऐन पनि बनाइयो । विदेशी लगानी बचाउन विदेशी सेना पनि आउनेछ । विदेशी सेना नेपालमा आएपछि देश कसरी सार्वभौम हुन्छ ? स्रोत नखुलेको सम्पत्तिमा कर लगाएर वैध बनाउनु 'चोरले चोरेको सम्पत्तिलाई सरकारले भाग लिएर वैध बनाउनु' जस्तै हो ।

सरकारमा गएका प्रम र मन्त्रीलाई यस्ता विषय जरूरी थाहा भएको होला, तर उहाँहरूको नियत नै खराब भएको हुनुपर्दछ । यसकारण, शासक दलहरूदेखि जनता सचेत हुनु जरूरी छ ।

## बझाङ कालुखेतीमा नेमकिपाको निर्वाचन प्रचार

बझाङ, २ वैशाख । खप्तड छान्ना गापा वडा नं ५ कालुखेतीमा स्थानीय जनताको भेला गरी नयाँ वर्ष २०८१ को शुभकामना आदानप्रदान कार्यक्रम गरियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बझाङ जिल्लाको प्रदेशसभा सदस्यको निर्वाचन क्षेत्र नम्बर 'क' का उम्मेदवार खगेन्द्रबहादुर शाहीले नयाँ वर्ष २०८१ को शुभकामना व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारालाई मार्गनिर्देशन सिद्धान्त मानी काम गरिरहेको चर्चा गर्दै निर्वाचनबाट समाजवाद नआउने भएकोले कामदार जनता राजनैतिकरूपमा सचेत र सङ्गठित भई अगाडि बढ्नुपर्छ भन्नुभयो ।

हामीले निर्वाचनलाई हारजितभन्दा पनि जनताको चेतना स्तर नाप्ने ब्यारोमिटरको रूपमा लिने स्पष्ट पार्दै उहाँले वास्तवमा निर्वाचन घोषणापत्रको लडाइँ हुनुपर्ने हो तर शासक दलले जनतालाई खरिद बिक्रीको वस्तु बनाएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी कैलालीका अध्यक्ष रमेशकुमार रावलले निर्वाचनबाट निर्वाचित शासक दलका प्रतिनिधिहरूले देशघाती सन्धि सम्झौता, कोसी, गण्डक, महाकाली, अपर कर्णाली अरुण, नागरिकता विधेयक, एसपीपी र एमसीसी सम्झौता गरी विदेशीको उठबसमा चल्ने पार्टीलाई होइन, देशभक्त पार्टी नेपाल मजदुर किसान पार्टीको मादल चिह्नमा भोट हाल्न अनुरोध गर्नुभयो । पुँजीवादी व्यवस्थाको ठाउँमा समाजवादी व्यवस्था ल्याउन सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले कामदारवर्गको हितमा संविधान बनाउन राजनीति गरेको हो भन्नुभयो । नेमकिपा कञ्चनपुर सदस्य मिनु गिरीले अरु पार्टी र नेमकिपामा फरक रहेको प्रस्ट पार्नुभयो ।

भेलाले धर्म गिरीको अध्यक्षतामा ५ सदस्यीय नेपाल क्रान्तिकारी युवा सङ्घ खप्तड छान्ना गापा वडा नं ५ कालुखेती

***बाँकी पृष्ठ ८ मा***

**सूचना सूचना**

भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड इँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

**भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि.**

जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२

## एकीकृत बाल तथा शिशु रोग व्यवस्थापनसम्बन्धी वार्षिक समीक्षा



भक्तपुर, २ वैशाख । भक्तपुर नगरपालिकाअन्तर्गतका स्वास्थ्य संस्थाहरू तथा भक्तपुर नगरपालिकास्तरीय एकीकृत बाल तथा शिशु रोग व्यवस्थापनसम्बन्धी आर्थिक समीक्षा कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा उहाँले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा विशेष जोड दिँदै कार्य गरिरहेको बताउनुभयो ।

तथ्याङ्कको आधारमा विभिन्न योजनाहरू पालिका, प्रदेशस्तर र सङ्घीय स्तरमा बन्ने भएकोले सत्य तथ्य आवश्यक हुने कुरा पनि उहाँले बताउनुभयो । गलत तथ्याङ्कको आधारमा योजना निर्माण गर्दा गलत हुने भएकोले तथ्याङ्क तयार गर्दा बढी संवेदनशील भएर काम गर्नुपर्छ, उहाँले भन्नुभयो । काम सम्पन्न गर्न आवश्यक सामग्रीहरू संस्थामा उपलब्ध हुनुपर्ने र कुनै समस्या भए सम्बन्धित ठाउँमा तुरुन्त जानकारी गराई पूर्ति गराउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सबै कार्यालयहरूमा स्तनपान कक्ष राख्ने अवधारणा आएको र अहिले कम्तीमा पनि स्वास्थ्य संस्थाहरूमा स्तनपान कक्षहरू राख्नुपर्ने सुझाव दिनुभयो ।

जनस्वास्थ्य कार्यालय, भक्तपुरका एकाइ प्रमुख अस्मिता ओझाले बालरोग मृत्युलगायत स्वास्थ्यका अन्य सूचकहरू सुधार गरी स्वास्थ्य सबल बनाउने उद्देश्यले एकीकृत बाल तथा शिशु रोगको अवधारणा आएको जानकारी गराउँदै स्वास्थ्य कार्यक्रमसम्बन्धी कुनै समस्या देखिए जनस्वास्थ्य कार्यालय समाधानको लागि सहयोग गर्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पताल, डा. ईवामुरा मेमोरियल अस्पताल, सिद्धि स्मृति महिला तथा बाल अस्पताल, भक्तपुर मातृ शिशु स्वास्थ्य क्लिनिक, जनस्वास्थ्य केन्द्र, भगवतीस्थान, नगर स्वास्थ्य केन्द्र, व्यासी र आधारभूत स्वास्थ्य केन्द्र सल्लाघारी, भक्तपुरको तर्फबाट प्रस्तुतीकरण राखिएको थियो ।

**सैनिक आवासीय महाविद्यालय**

सल्लाघारी, भक्तपुर, फोन नं. ०१-६६१८८३०, ६६१०८७२

**आवश्यकता**

यस महाविद्यालयको कक्षा ६ देखि १० सम्म अध्यापनका लागि गणित विषयको शिक्षक आवश्यक परेकोले योग्य इच्छुक नेपाली नागरिकहरूबाट Curriculum Vitae, नागरिकता, हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो, आफूले प्राप्त गरेका सम्पूर्ण तहका शैक्षिक प्रमाणपत्रहरू तथा अनुभव, तालिमलगायतका अन्य प्रमाणपत्रहरूको प्रतिलिपिसहित दर्खास्त आह्वान गरिन्छ । दर्खास्त फाराम महाविद्यालयबाट नियमानुसार शुल्क तिरी प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | पद | सङ्ख्या | विषय | न्यूनतम योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | जी.टी.पूर्णकालीन करार (माध्यमिक तृतीय) | २ | गणित | स्नातक तहमा सम्बन्धित विषय लिई औसतमा कम्तिमा ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण भएको हुनुपर्ने | कक्षा ६-१० सम्म अध्यापनको लागि |

**दर्खास्त पेस गर्ने स्थान, मिति र समय :**

**मिति** : २०८१/०१/०३ गतेदेखि २०८१/०१/१२ गतेसम्म

**समय** : बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म

**स्थान** : स्नातक भवन (लुम्बिनी ब्लक) बाट ।

**दर्खास्त दस्तुर** : रु. १०००।-

**सम्पर्क मिति र समय** : २०८१/०१/१२ गते, अपराह्न ५:०० बजे ।

**छनोट विधि** : लिखित परीक्षा, Class Demonstration तथा अन्तर्वार्ताको माध्यमबाट छनोट गरिनेछ ।

*परीक्षासम्बन्धी विस्तृत जानकारी सम्पर्क मितिमा प्रकाशन गरिनेछ ।*
*अन्य विस्तृत जानकारीको लागि महाविद्यालयमा सम्पर्क राख्न सकिनेछ ।*

**प्रिन्सिपल**

# प्रावि शिक्षकहरूको सेवा प्रवेश तालिम



भक्तपुर, २ वैशाख । भक्तपुर नगरपालिकाका विभिन्न सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा नयाँ पदस्थापनको लागि शिक्षक सेवा आयोगबाट नवनियुक्त ४६ जना शिक्षकहरूलाई चारदिने सेवा प्रवेश तालिम भक्तपुर नगरपालिकाको आयोजनामा आजबाट आरम्भ भएको छ ।

कार्यक्रमको परिचय र सहभागीहरूलाई स्वागत गर्दै विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिका सदस्य रोशनराज तुइतुईले भनपाको विद्यालय अनुगमन समितिको बारेमा जानकारी गराउँदै भित्री मनदेखि शिक्षण पेसालाई इमानदारीपूर्वक आत्मसात गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पहिलो दिन त्रिवि शिक्षा विभाग, विज्ञान तथा वातावरण एवं अनुसन्धान विभागका सहप्राध्यापक मोहन पौडेल र महेन्द्र रत्न क्याम्पसका पाठ्यक्रम तथा मूल्याङ्कनका सहप्राध्यापक आशिक सिं ठकुरीले पाठ योजना तर्जुमासम्बन्धी जानकारी दिनुभएको थियो ।

पाठ योजना तर्जुमा, शिक्षण विधिका विभिन्न पक्षजस्ता प्राविधिक पक्षहरूबाहेक भक्तपुरमा शिक्षाको अवस्था, स्थानीय पाठ्यक्रमको परिचय, विद्यालय र विद्यार्थीहरूका लागि भनपाले गर्ने विभिन्न शैक्षिक क्रियाकलापहरूको बारेमा छलफल हुने कार्यक्रममा अन्तिम दिन मेयर सुनिल प्रजापतिले 'भक्तपुरमा शैक्षिक उन्नयनको लागि भक्तपुर नगरपालिकाको भूमिका' का बारेमा प्रवचन गर्नुहुने जनाइएको छ ।

# ललितपुर महालक्ष्मीमा शुभकामनासहित अध्ययन गोष्ठी

ललितपुर, २ वैशाख । नेमकिपा महालक्ष्मी नगर समिति ललितपुरको आयोजनामा देश र जनतामा समर्पित विचारप्रधान 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिकका साथै 'रूसको डिसेम्बर विद्रोह' पुस्तकबारे अन्तरक्रिया कार्यक्रम शनिबार थसीमा भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन. महर्जनले भन्नुभयो, "सन् १८२६ डिसेम्बर २६ मा रूसमा एक सैनिक विद्रोह भयो । विद्रोह असफल भयो । विद्रोहका सबैजसो नेता कुलीन परिवारका युवा थिए । प्रेम, भाइचारा र मित्रताजस्ता मानवीय मूल्यमा ती युवाहरूको असीम आस्था थियो । ती क्रान्तिकारी युवा सैनिक अफिसरहरू फ्रान्सेली राज्य क्रान्तिका आदर्श सन्तान थिए ।"

उहाँले भन्नुभयो, "क्रान्तिको उद्देश्य रूसी भूदासहरूको मुक्त थियो । सिनेट चोकमा विद्रोह भइरहँदा पिटर्सबर्गका कामदार जनता वा भूदासहरू वरपर तमासा हेरिरहेका थिए । ती जनतालाई विद्रोहीहरूले सम्झाउने कार्य गर्नै सकेनन् ।"

कर्मचारी समाजका अध्यक्ष एलपी गौतमले काठमाडौँ उपत्यकाको मानव निर्मित सम्पदा विश्वकै नमुना र विदेशी पर्यटकहरूको निम्ति भक्तपुर नगर जीवित सङ्ग्रहालय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुरमा राजनैतिक सचेतता बढी भएको कारणबाट शिक्षा, स्वास्थ्य सेवा, आर्थिक अवस्था, सामाजिक अवस्थामा निकै सुधार भएको छ । भारतीय सेना कालापानीमा राखेको, नेपालको सीमा भारतले मिचेको, नदीनाला सबै भारतको अधीनमा लिएको विरोध गरिरहनुपर्छ ।"

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले हामीले लेख्ने साहित्य जनपक्षीय हुनुपर्छ भन्नुभयो ।

नेमकिपाका कार्यकर्ता केपी महर्जनले नेमकिपाबाट जितेका जनप्रतिनिधिले जस्तै अरू पार्टीका जनप्रतिनिधिले कार्य गरेमा देश निकै अगाडि बढ्थ्यो भन्नुभयो ।

युवा कार्यकर्ता अनिस महर्जनले सामाजिक व्यवहारमा धोका दिने कार्यको विरोध गर्नुपर्दछ भन्नुभयो ।

कार्यक्रममा आशाराम महर्जन र रूपा महर्जनले पनि बोल्नुभएको थियो ।

# काठमाडौँमा आइतबारदेखि 'ट्राफिक सचेतना विशेष अभियान' सुरु

काठमाडौँ, २ वैशाख । सभ्य सडक संस्कारका माध्यमबाट सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले आजदेखि 'ट्राफिक सचेतना विशेष अभियान २०८१' सुरु गरेको छ ।

उक्त अभियानको आज बिहान उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले शुभारम्भ गर्दै नेपालको सार्वजनिक यातायातलाई थप भरपर्दो र दुर्घटनारहित बनाउन विशेष अपरेसन सञ्चालन गर्ने घोषणा गर्नुभएको छ ।

गृहमन्त्री लामिछानेले आवश्यक संशोधन गर्नुपर्ने नीति, नियम र ऐन संशोधन गररै भए पनि सार्वजनिक यातायातको रुट तथा सहज सडक यात्राको सुधारमा मन्त्रालय लागिरहेको बताउनुभयो ।

गृहमन्त्री लामिछानेले भन्नुभयो, "हामी तपाईँहरूको ज्यान जोगाउन लागेका छौँ, अब ट्राफिक नियम पालनामा निर्मम हुन्छौँ, त्यसअघि केही समय सचेतना कार्यक्रम गरेर समय भने दिन्छौँ ।"

सबै क्षेत्रमा राजनीति हाबी भएर समस्या बल्झिरहेको बताउँदै उहाँले भन्नुभयो, "राजनीति गर्ने हामीहरूले हो, जसलाई जे गर्ने जिम्मेवारी छ त्यही गर्नुस्, राजनीति गर्ने हामीहरू छँदै छौँ ।"

कार्यक्रममा काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले ट्राफिक सचेतना कार्यक्रमले सबैलाई जिम्मेवार बनाउने हुँदा यो अभियान अति महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उपप्रमुख डङ्गोलले नागरिकले पनि जिम्मेवार भएर सडक प्रयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । केही नीतिगत सुधार आवश्यक रहेको उल्लेख गर्दै उहाँले नागरिकलाई सचेत गराउन जरुरी रहेको बताउनुभयो ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले उपत्यकाको ट्राफिक व्यवस्थापन र सार्वजनिक यातायात व्यवस्थापनमा विशेष ध्यान दिएर काम थालेको बताउनुभयो ।

उहाँले यातायातमा समेत सिसी क्यामेरा जडान गर्न सके दुर्व्यवहार रोक्न सहज हुने उल्लेख गर्दै साझा यातायातसँग सो विषयमा छलफल भइसकेको जानकारी दिनुभयो ।

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले दुर्घटना न्यूनीकरणका लागि सबै मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

सडक सुरक्षाका जानकार भगवती सेढाईंले सहीरूपमा समुदायमा सचेतना बढाउँदा २० प्रतिशत दुर्घटना न्यूनीकरण हुने बताउनुभयो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले ट्राफिक नियम पालना, सचेतना, आम नागरिक तथा सङ्घसंस्थालाई जिम्मेवार बनाउन अभियान सुरु गरिएको बताउनुभयो ।

उहाँले पूर्वाधार, पार्किङ व्यवस्थापन र करिडोर खुला गर्नसके काठमाडौँको ट्राफिक व्यवस्थापनमा केही सहज हुने बताउनुभयो । समारोहअघि काठमाडौँमा ट्राफिक सचेतनासम्बन्धी र्‍याली निकालिएको थियो । रासस

# राजनीतिक कार्यकर्ता चाडपर्वमा पनि सचेत र सजग रहन जरुरी

भक्तपुर, २ वैशाख । नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा डकर्मीहरूबिच बिस्का जात्रा तथा नयाँ वर्ष २०८१ को अवसरमा राजनीतिक प्रशिक्षण एवम् डकर्मी सङ्घको भित्तेपात्रो २०८१ नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष उपेन्द्र सुवालले विमोचन गर्नुभयो ।

उक्त कार्यक्रममा उहाँले नेमकिपाले कार्यकर्ताहरूलाई चाडपर्वमा पनि राजनीतिकरूपमा सुसूचित गरी सचेत र सतर्क रहन प्रशिक्षण दिने कार्य गरिरहेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा पुन:निर्माण तथा खेलकुद क्षेत्रमा उल्लेखनीय प्रगति गर्दै देशकै सेवा गरिरहेको चर्चा गर्दै उहाँले नगरपालिकाले स्थानीय बेरोजगार युवाहरूलाई लक्षित गरी युवा उद्यमशीलताको प्रशिक्षण, आर्थिकरूपमा कमजोर युवाहरूलाई उद्यमशील ऋण प्रवाह गर्ने योजना भएको, उत्कृष्ट जेहेनदार विद्यार्थीहरूलाई शैक्षिक ऋण प्रदान गरिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी डकर्मी सङ्घ जिल्ला समितिका अध्यक्ष एवम् कार्यक्रमका सभापति विष्णुराम दुमरुले आगामी वैशाख १५ गते बृहत् डकर्मी भेलाको कार्यक्रम हुने जानकारी दिँदै शुभकामना व्यक्त गर्नुभयो ।

# निजी स्वास्थ्य संस्थामा उपचार गराउँदा २० प्रतिशत तिर्नुपर्ने

काठमाडौँ, २ वैशाख (रासस) । स्वास्थ्य बीमा बोर्डको स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत आइतबारदेखि निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने बिमितले २० प्रतिशत रकम आफैले तिर्नुपर्ने भएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलाले आइतबारदेखि निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने बिमितले उपचार खर्चको २० प्रतिशत रकम आफैले तिर्नुपर्ने (सहभुक्तानी) लागू गरिएको बताउनुभयो ।

"अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्न हामीले आजदेखि उपचार खर्चको २० प्रतिशत तिर्नुपर्ने नियम लागू गरेका छौँ", उहाँले भन्नुभयो ।

स्वास्थ्य बीमा कार्यक्रम सहभुक्तानी लागु गर्ने कार्यविधि २०८० संशोधन गरी बोर्डमा आबद्ध बिमितले निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने बिरामीले २० प्रतिशत रकम उपचार खर्चबापत तिर्नुपर्ने व्यवस्था लागु गरेको हो ।

बोर्डले यसअघि माघ १ गतेबाट सरकारी अस्पतालमा उपचार गरेबापत १० प्रतिशत रकम तिर्नुपर्ने नियम लागु गरेको थियो । उहाँले सरकारी अस्पतालको सक्षमता विकास गर्न र बिरामीलाइ सरकारी अस्पतालप्रति आकर्षित गराउन सहभुक्तानीको व्यवस्था लागु गरिएको बताउनुभयो ।

कार्यकारी निर्देशक डा. बसौलाका अनुसार सहभुक्तानी १५ शय्यासम्मका आधारभूत अस्पतालमा लागु हुँदैन । सङ्घीय तथा प्रादेशिक अस्पताल, विशेषज्ञ सेवा उपलब्ध भएका आधारभूत अस्पताल, निजी, सहकारी, सामुदायिक अस्पताल, मेडिकल कलेजमा सहभुक्तानी प्रणाली लागु हुने कार्यविधिमा उल्लेख छ ।

बीमा कार्यक्रममा कुल बिमित सङ्ख्या ७७ लाख ४१ हजार चार सय ८३ जना र कुल बिमितमध्ये सेवा लिनेको सङ्ख्या ३६ लाख ५२ हजार चार सय ३२ जना छन् । नवीकरण गर्ने बिमित ४८ लाख आठ हजार सात सय ६० रहेको छ ।

# भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर

काठमाडौँ, २ वैशाख । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानेपानी तथा ऊर्जा विकास कार्यालय मुगुका कार्यालय प्रमुख राजिव रिमालसमेत पाँच जना विरुद्ध गैरकानुनी लाभ हासिल गरी भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा मुगुको सोरू गाउँपालिका-५ को नेर सिँचाइ आयोजनाको पाइपलाइन कार्य एक हजार सात सय मिटर हुनुपर्नेमा आधा मात्रै काम गरी रू. पाँच लाख ६१ हजार चार सय ८१ बराबरको रकम बढी भुक्तानी गरेको पाइएको छ ।

आयोगले कार्यालय प्रमुख रिमाल, सवइन्जिनियर नरबहादुर लावड, उपभोक्ता समितिका अध्यक्ष तेजबहादुर शाही, उपाध्यक्ष हिराबहादुर शाही र सचिव तीर्थबहादुर शाही विरुद्ध रू. पाँच लाख ६१ हजार चार सय ८१ बराबरको बिगो माग दाबी गरेको छ । आरोपीलाई बिगो बमोजिम कारबाहीको माग गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

# वागमती प्रदेश: विषयगत संसदीय समितिले नेतृत्व पाउँदै

हेटौँडा, २ वैशाख (रासस) । वागमती प्रदेशसभा अन्तर्गतका पाँच वटा विषयगत संसदीय समितिको सभापति चयनको तयारी गरिएको छ । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका मुख्य सचेतक रत्नप्रसाद ढकालले प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको झन्डै डेढवर्षमा दलहरूबीच सहमति भएपछि सभापति चयनको तयारी गरिएको हो । संसदीय समिति चयनको जिम्मेवारी सभामुखको भए पनि प्रदेशसभामा रहेका दलहरूबिच सहमति नहुँदा सभापति चयन हुन सकेको थिएन ।

प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखासमिति, शिक्षा समिति, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति छन् । हाल समितिका बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा सञ्चालन भइरहेका छ ।

प्रदेशसभाका पाँचवटा समितिमा सबै दलको प्रतिनिधित्व हुने गरी कूल ९६ जना सांसदलाई समितिको सदस्य बनाइएको छ । जसअनुसार चार वटा समितिमा १९ जना र एउटा समितिमा २० सदस्य छन् । हालसम्म सञ्चालित बैठकहरूमा प्रदेश मामिला समितिमा नेपाली कांग्रेसका शिवराज अधिकारी, अर्थ तथा विकास समितिमा माओवादी केन्द्रका रामप्रसाद ढुङ्गाना, सार्वजनिक लेखा समितिमा माओवादी केन्द्रका ठाकुरप्रसाद ढकालले अध्यक्षता गरिरहनुभएको छ ।

यस्तै शिक्षा स्वास्थ्य तथा कृषि समितिमा कांग्रेसकी मीनाकुमारी पराजुली पोखरेल र उद्योग, पर्यटन तथा वातावरण समितिमा काङ्ग्रेसकी याङकिला शेर्पाले अध्यक्षता गर्नुभएको छ ।

# सिद्धपोखरीमा पालिएका माछा बिक्री सुरु

भक्तपुर, २ वैशाख । भक्तपुरको रानीपोखरी, सिद्धपोखरी, न:पुखुलगायतका पोखरीमा भक्तपुर नगरपालिकाले पहिले छाडेको माछा निकाली बिक्री गर्ने काम सुरु गरिएको छ । काठमाडौँको कोटेश्वर निवासी मितेश नन्दन मिश्रसँगको सम्झौताअनुसार माछा निकाल्ने र खरिद गर्ने काम गत चैत २८ गतेदेखि स्वीकृति दिइएको हो । माछा बिक्रीबाट हालसम्म २९६८ केजीको ५ लाख ६३ हजार ६ सय ८० रुपैयाँ आम्दानी भएको स्रोतले जनाएको छ । प्राप्त जानकारीअनुसार सबै ठूलो माछा निकाली सकेपछि फेरि माछाको भुरा छोड्नेछ ।

# पाँच प्रदेशमा मध्याह्नपछि हुरीबतासको चेतावनी

काठमाडौँ, २ वैशाख । हाल देशमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव कायम रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले कोशी, कोशी, वाग्मती र मधेस प्रदेशलगायत राष्ट्रका पहाडी भागमा आंशिक बदली भई बाँकी भागमा मौसम सफा रहने बताएको छ ।

साथै महाशाखाले कोशी, वाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका पहाडी क्षेत्रमा मध्याह्नपछि हुरीबतासको सम्भाावना रहेको बताउँदै ती भूभागका सबैलाई सचेत रहन आग्रह गरेको छ ।

महाशाखाका अनुसार आइतबार दिउँसो कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भागमा आंशिक बदली हुने तथा बाँकी स्थानमा मौसम सफा रहने छ । कोशी, गण्डकी र कर्णाली प्रदेशलगायत मुलुकका पहाडी क्षेत्रका केही स्थानका साथै बाँकी पहाडी भूभागका एक-दुई स्थानमा चट्याङसहित हल्का वर्षा हुने सम्भावना छ ।

त्यसैगरी, आइतबार राति सुदूरपश्चिम र कर्णाली प्रदेशमा आंशिक बदली रही बाँकी स्थानमा मौसम सफा रहने छ । कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागका एक-दुई स्थानमा चट्याङसहित हल्का वर्षा हुने सम्भावना छ । गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भेगका एक-दुई स्थानमा हल्का हिमपात हुने सम्भावना छ ।

महाशाखाले आइतबार बिहान जारी गरेको मौसम बुलेटिनमा कोशी र कर्णाली प्रदेशलगायत देशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको हुँदा त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ । *रासस*

# सिन्दुर खेलेर मनाइयो सुथसिया जात्रा



भक्तपुर, २ वैशाख । मध्यपुर थिमिवासीले आइतबार बिहानै सुथसिया अर्थात् बिहानीको जात्रा मनाएका छन् ।

बिस्केट जात्राको अवसरमा मध्यपुरथिमिका बासिन्दाले आतइबार बिहानैदेखि टोलटोलका देवता विराजमान खटलाई बालकुमारीको परिक्रमा गराई सिन्दुर खेलेर सुथसिया जात्रा मनाएका हुन् ।

थिमिमा मात्रै मनाइने यो जात्रामा एकअर्कामा सिन्दुर दलेर हातहातमा चिराग बाल्ने चलन छ । खट बोकी बालकुमारीमा ३२ खट ल्याएर भव्यरूपमा मनाउने परम्परा छ । तर केही वर्ष यता भने २६ खटमात्रै जात्रामा सहभागी हुने गरेका छन् ।

यो जात्रामा आइतबार बिहानै बालकुमारी र कालिका अर्थात् बालाखुको खट बालकुमारी मन्दिरबाट बाहिर निकालेको थियो । हिजोदेखि विष्णुविर र दक्षिण बाराहीको खट मन्दिरमा राखिएको थियो । बिहानै सिद्धिकालीको खट ल्याएर आफ्ना गणहरूसहित बालकुमारी प्रवेश गराएपछि यो जात्रा सुरु भएको थियो ।

जात्रा सुरु भएपछि पमाहरू हातहातमा चिराग अर्थात् बत्ती लिएर नाइके प्रधानको अनुमतिमा बालकुमारीको खट उचालेपछि जात्रालाई दिगुटोलस्थित देवता घर परिक्रमा गराइएको थियो । यसैगरी विष्णुवीर, सिद्धिकालीलगायतका देवदेवीहरूको खट ल्याएर यो जात्रा मनाइएको छ ।

थिमिमा ३२ देवीदेवतका खट सहभागी रथ बोकेर टोलटोलमा परिक्रमा गराई परम्परागतरूपमा मनाउँदै आएको यो जात्रा अहिले थिमि क्षेत्रमा २३ वटा, नगदेशमा एउटा, बोडेमा सात, टिगनीमा एउटा छुट्टाछुट्टै स्थानमा खटजात्राका साथ सिन्दुर जात्रा मनाइने गरेको छ । यसमा थिमिको बालकुमारी, दक्षिणबाराही, विष्णुवीर, सिद्धिकाली, नगदेशको सिद्धिगणेश, बोडेको महालक्ष्मी र टिगनीको नीलबाराही मन्दिरका देवताको नेतृत्वमा खट बोकेर जात्रा गरी टोलटोलमा सिन्दुर खेल्दै मनाइन्छ ।

जात्रा प्रत्येक चोक, चौबाटो, घर र टोलमा पुग्दा घरका झ्याल, कौसी र छतबाट सिन्दुर छर्ने, फूल बर्साएर स्वागत गर्ने प्रचलन छ । आपसमा सिन्दुर खेली स्थानीय जात्रालुहरू रमाइलो गर्ने भएकाले पनि यसलाई सिन्दुर जात्रा भन्न थालिएको छ ।

बालकुमारीबाट परम्परागत रूपमा सिद्धिगणेश, सिद्धिकाली र त्यसका गणहरूसहित क्वाछेँ द्यो, हिचो द्योँ, अजिमा द्योँ, विष्णुवीर र अन्य देवगणहरूको खट उचालेपछि बालकुमारीको जात्रा सुरु गरिएको छ ।

खट जात्रा अगाडि बढाउँदै ल्याउने बालकुमारीलाई भैलः द्यो परिक्रमा गरी क्रमैसँग सुगां द्यो, क्वाछेँ द्योँमा पनि सिन्दुर खेल्दै परिक्रमा गराइन्छ । बालकुमारीलाई विभिन्न क्षेत्रको परिक्रमा गराई भव्य एवं उमङ्ग र उत्साहका साथ थिमिका बासिन्दाले सिन्दुर खेल्दै यो जात्रा मनाइएको छ ।

बिहानै सुरु भएको यो जात्रा मध्यान्हसम्म चल्ने र त्यसपछि बोडेमा जिब्रो छेड्ने जात्राको तयारी गरेर दिउँसो २ बजे बोडेमा जिब्रो छेडेर जात्रा मनाउने गरिन्छ ।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

खुला गुँला बाजा प्रतियोगितासम्बन्धी सूचना

सांस्कृतिक विधाहरूको संरक्षण र संवर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुला गुँला बाजा प्रतियोगिता मिति २०८१ वैशाख २२ गते, शनिबार देहायअनुसारको नियमबमोजिम सञ्चालन हुने भएको हुँदा सम्पूर्ण सम्बन्धित बाजाका सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैले आ-आफ्नो बाजा देहायको स्थानमा दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रतिसमूह दर्ता शुल्क** : रु. १००।-
**दर्ता गर्ने अन्तिम मिति** : २०८१ वैशाख १४ गते, शुक्रबार
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिकाको प्रशासन शाखा, ब्यासी
भ.न.पा १ देखि १० वडा कार्यालयहरू

**प्रतियोगितामा सहभागी टोलीहरूले पालना गर्नुपर्ने नियमहरू:**

१. प्रतियोगितामा सहभागी हुन चाहने टोलीले नगरपालिकाको प्रशासन शाखा वा वडा कार्यालयहरूमा दर्ता शुल्क प्रतिटोली रु. १००।- तिरी निर्धारित फाराममा सहभागी सदस्यहरूको फोटोसहित विवरण भरी दर्ता गर्नुपर्नेछ । अनलाइन फाराम दर्ताको लागि www.bhaktapurmun.gov.np मा हेर्नुहोला ।
२. प्रतियोगिता २०८१ वैशाख २२ गते, शनिबार सञ्चालन हुनेछ ।
३. प्रत्येक टोलीले नगरपालिकाद्वारा निर्धारित नगर परिक्रमाको रुटमा बाजा बजाएर घुम्नुपर्नेछ । नगर परिक्रमाको समेत मूल्याङ्कन गरिनेछ । नगर परिक्रमाको लागि १० अङ्क भार हुनेछ ।
४. टोलीबिच ३०-५० मिटर फरकमा नगर परिक्रमा गर्नुपर्नेछ ।
५. नगर परिक्रमाको क्रममा टोलीमा धेरै जना सहभागी हुन सक्नेछन् तर मूल्याङ्कन स्थलमा भने प्रतिटोली बढीमा १६ जनामात्र हुनुपर्नेछ, जसमा धाँ बाजा बढीमा ६ जना, नाय खिँ बाजा १ जना र अन्य गीत बजाउने वा गाउने, भुछ्या/सिछ्या/तँ/बाँसुरी/म्वालीँ/ड्ख/कनाथलगायतका बाजा बजाउने वाद्यवादकहरू हुनुपर्नेछ ।
६. मञ्चमा समयमै उपस्थित हुनुपर्नेछ ।
७. बाजा बजाउँदा गीतको बोल परम्परागत नेवारी लोक धुन हुनुपर्नेछ ।
८. टोलीको प्रस्तुति पालो गोलाप्रथाद्वारा निर्धारण गरिनेछ ।
९. मूल्याकङ्न स्थलमा प्रत्येक टोलीलाई १० मिनेटको समय दिइनेछ । ८ मिनेटमा जनाउ सङ्केतस्वरुप झन्डा उठाइनेछ भने निर्धारित १० मिनेटभित्र बाजा टुङ्ग्याउनुपर्नेछ ।
१०. मञ्चमा द्यो ल्हाय् गर्न पाइने छैन ।
११. प्रतियोगितामा देहायबमोजिम विभिन्न बुँदाहरूमा मूल्याकङ्न गरिनेछन् :

| क्र.सं. | मूल्याङ्कन विवरण | मूल्याङ्कन अङ्कभार |
|---|---|---|
| क. | धुन, बोल र ताल | ३० |
| ख. | समयको परिपालना | ५ |
| ग. | अनुशासन | ५ |
| घ. | हाउभाउ | १० |
| ङ. | भेषभूषा | १० |
| च. | प्रष्टता | २० |
| छ. | दर्शकको ध्यानाकर्षण | १० |

१२. प्रतियोगितामा उत्कृष्ट समूहहरूलाई देहायबमोजिम पुरस्कार वितरण सोही दिन हुनेछ ।
**प्रथम पुरस्कार** - नगद रु. ४०,०००।– का साथै वाद्यवादनका सामग्री
**द्वितीय पुरस्कार** - नगद रु. ३०,०००।– का साथै वाद्यवादनका सामग्री
**तृतीय पुरस्कार** - नगद रु. २५,०००।– का साथै वाद्यवादनका सामग्री
**सान्त्वना पुरस्कार** - नगद रु. २०,०००।- का साथै वाद्यवादनका सामग्री (दुई वटा समूहसम्म)
१३. सहभागी प्रत्येक टोलीलाई खाजा खर्चबापत रु. ३०००।– उपलब्ध गराउनेछ ।
१४. प्रतियोगितासम्बन्धी कुनै विवाद उठेमा निर्णायकहरूको राय सल्लाह लिइनेछ र नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।


# अनुदानले खेती क्षेत्र र उत्पादन बर्सेनि बढ्दै

मध्यविन्दु (नवलपरासी), २ वैशाख । नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा चैते धानको उत्पादन क्षेत्र बर्सेनि वृद्धि हुँदै गएको पाइएको छ । सिँचाइ व्यवस्था तथा सरकारी तहबाट अनुदान बढाउँदा चैते धानको उत्पादन क्षेत्र बढेको हो ।

जिल्लामा आर्थिक वर्ष २०७७/७८ मा सात सय हेक्टर क्षेत्रफलमा चैते धान खेती भएकामा चालु आ.व.सम्म आइपुग्दा झन्डै दोब्बरले त्यो वृद्धि भएको छ । यो यामको चैते धान रोपाइँ सकिँदा जिल्लामा कुल एक हजार तीन सय १५ हेक्टर क्षेत्रफलमा खेती भएको छ । यस वर्ष चैते धान रोपाइँ गरिएको क्षेत्रफल गत वर्षको भन्दा एक सय पाँच हेक्टरले बढी रहेको कृषि ज्ञान केन्द्रका बालीविज्ञ सञ्जय ढकालले बताउनुभयो ।

उहाँले भन्नुभयो, “चालु आवमा जिल्लामा एक हजार तीन सय १५ हेक्टर क्षेत्रफलमा चैते धान खेती भएको छ, गत आवमा एक हजार दुई सय १० हेक्टर क्षेत्रफलमा रोपाइँ भएको थियो । जिल्लामा पछिल्लो दुई/तीन वर्षयता चैते धान उत्पादन गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ ।”

आ.व. २०७७/७८ मा सात सय हेक्टर क्षेत्रफलमा चैते धान रोपाइँ भएकोमा जम्मा तीन हजार तीन सय ६० मेट्रिक टन उत्पादन भएको थियो । पहिला-पहिला खोलाबाट कुलोमार्फत सिँचाइ पुगेको स्थानमा मात्र चैते धान खेती गरिन्थ्यो भने अहिले डिप ट्युबवेलबाट सिँचाइ सुविधा पुगेको ठाउँमा पनि यो खेती गर्न थालिएकाले क्षेत्र विस्तार भएको ढकालले बताउनुभयो । सिँचाइका सुविधा पर्याप्त भएको र सिमसार क्षेत्रका किसानले चैते धानलाई प्राथमिकता दिन थालेका छन् । चैते धान खेतीको क्षेत्र विस्तार भएसँगै उत्पादन पनि बढ्न थालेको छ ।

बालीविज्ञ ढकालले भन्नुभयो, “जिल्लामा गत आवमा चैते धानको उत्पादन छ हजार एक सय २३ मेट्रिक टन भएको थियो भने यो सिजनमा क्षेत्र बढेकाले छ हजार सात सय ५० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ ।” वर्षे धानको तुलनामा धेरै फल्ने, रोग र किरा कम लाग्ने भएकाले किसानले चैते धान बालीलाई प्राथमिकता दिन थालेको उहाँको बुझाइ छ । कतिपय स्थानमा किसानले एउटै धानको बीउ धेरै वर्षसम्म लगाउँदा उत्पादनमा वृद्धि हुन नसकेको ढकालले बताउनुभयो ।

जिल्लाको कावासोती, गैँडाकोट, देवचुली, मध्यविन्दु नगरपालिका, विनयी त्रिवेणी, बुलिङटार र बौदीकाली गाउँपालिकामा चैते धान खेती हुने गरेको छ । यहाँ चैते धानका रूपमा चैत ५, हर्दिनाथ-१ सहित स्थानीय जातको धान रोप्ने गरिएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “धान ब्लक कार्यक्रममा कृषि ज्ञान केन्द्रले सिँचाइ सुविधाका साथै कृषिमा यान्त्रिकीकरणका लागि अन्य उपकरणमा अनुदान प्रदान गरेको छ । जिल्लाभित्र उत्पादन हुने चैते धान कृषक आफैँले बिक्री गर्ने गरेका छन् ।”

जिल्लाको भौगोलिक अवस्थाअनुसार माघ अन्तिम हप्तादेखि सुरु भएको चैते धान रोपाइँ चैत अन्तिम हप्तामा सकिएको प्रमुख तिवारीले बताउनुभयो । जिल्लामा चैते धानको उत्पादन हुने क्षेत्र प्रशस्त रहेको जनाउँदै उहाँले क्षेत्रफल र उत्पादन बढाउन सकिएको खण्डमा जिल्लाबाट अन्यत्र धान निर्यात गर्न सकिने बताउनुभयो । *रासस*

# चिकित्सक नहुँदा थन्किए उपकरण

हेटौँडा, २ वैशाख । हेटौँडा अस्पतालमा मुटुरोग विशेषज्ञ नहुँदा उपकरण थन्किका छन् । मुटुरोग चिकित्सक नियुक्त नहुँदा ती उपकरण थन्किएका अस्पताल सञ्चालक समितिका सदस्य उत्सव चौलागाईंले बताउनुभयो ।

बिरामीको अत्यधिक चाप रहने अस्पतालमा चिकित्सक नभएर उपकरण थन्काउन बाध्य भएको बताउँदै सञ्चालक सदस्य चौलागाईंले चाँडोभन्दा चाडो चिकित्सक नियुक्तिका निम्ति सम्बन्धित निकायलाई घच्घच्च्याइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “मुटुरोग विशेषज्ञको नियुक्तिका लागि गरिएको विज्ञापनमा एक जना चिकित्सकको आवेदन पर्‍यो तर उमेरका कारण उहाँलाई नियुक्ति दिन मिलेन । विज्ञापन भएका बेला निवेदन पर्दैनन् र परेका निवेदनमा पनि उमेर नपुग्ने, मापदण्ड पूरा नहुनेलगायत विविध समस्या आइलाग्छन्,” अन्य उपकरण अन्य विशेषज्ञबाट पनि चलाउन सकिने तर मुटुरोगका उपकरण मुटुरोग विशेषज्ञबाहेकले चलाउन नसक्ने भएकाले चिकित्सक नियुक्तिबिना उपकरण प्रयोगमा ल्याउन कठिन भएको उहाँको भनाइ छ ।

अस्पतालले स्त्रीरोग विशेषज्ञ सेवा सञ्चालन गरेपछि मधेस प्रदेशबाट सुत्केरी हुन आउनेको सङ्ख्यामा वृद्धि भइरहेको छ । हाडजोर्नी, छालारोग, सघन उपचार कक्षलगायत सेवा पनि उपलब्ध भएकाले अस्पतालमा बिरामीको चाप बढेको सदस्य चौलागाईंले बताउनुभयो ।

रोटरी क्लब अफ मकवानपुरको सहयोगमा आठ महिनाअघि ल्याइएको रु. एक करोडको उपकरण प्रयोगविहीन छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट श्रीधर अर्यालले विशेषज्ञ चिकित्सकको शीघ्र व्यवस्था मिलाइने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । *रासस*

। सम्पादकीय ।

# नेपाल-भारत सीमा सुरक्षा अझै अव्यवस्थित

नेपाल-भारत सीमा सुरक्षा अझै व्यवस्थित भएको छैन । पर्याप्त सुरक्षा व्यवस्था नभएको कारण एकातिर नेपाल-भारतका सीमा स्तम्भ हराइरहेको छ भने अर्कोतिर अवैध सामान भित्रिरहेको छ । सीमा सुरक्षा र सीमामा हुने अवैध गतिविधि नियन्त्रण गर्न या हुन नदिन सीमा क्षेत्रमा सशस्त्र प्रहरीको व्यवस्था गर्नुपर्छ र नपुगे थप्नुपर्छ । सशस्त्र प्रहरीको राम्रो र पर्याप्त व्यवस्था नहुँदा सीमा स्तम्भ हराएको कारण देशको सीमा मिच्ने काम रोकिएको छैन । त्यस्तै, अवैध सामान भित्रिरहेको मात्र होइन, आपराधिक क्रियाकलाप भइरहेको सीमामा खटेका सुरक्षाकर्मीहरूको भनाइ रहेको छ । सीमा नाकामा तस्करहरूको बिगबिगी हुन्छ । यसकारण, सुरक्षा व्यवस्था अझ सुदृढ गर्नु आवश्यक छ ।

सीमा सुरक्षामा खटेका सशस्त्र प्रहरी र तस्करहरूबिच बेलाबखत विवाद, झगडा र कुटपिट भइरहेको खबर बेलाबखत सञ्चारमाध्यममा नआएको होइन । त्यस्तै सीमा सुरक्षामा खटेका सशस्त्र प्रहरीहरूले अनाहकमा सीमा वारपार भइरहेको, सर्वसाधारण जनतालाई शारीरिक र मानसिक यातना दिएको, सामान फालेको कुरा पनि प्रकाशमा नआएको होइन । अवैध सामान भित्रिएको, सीमा स्तम्भ फाल्ने, सार्ने काम भइरहेको छ भने त्यसलाई नियन्त्रण गर्नुपर्छ । त्यो नियन्त्रण गर्ने काम सशस्त्र प्रहरीको हो । त्यो दायित्व सशस्त्र प्रहरीले इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ । मोरङको रसुवामाई नगरपालिका-१, सोनापुरस्थित सीमा नाकामा सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरी हवल्दार युवराज तामाङमाथि आक्रमण गरिएको खबर प्रकाशमा आयो । समाचार स्रोतअनुसार भारतबाट अवैध सामान ल्याइएका व्यक्तिहरूलाई नियन्त्रणमा लिन खोज्दा तस्कर र प्रहरीबिच भनाभन भएको थियो । विवादमा सोनापुर बस्ने साबर मियाले प्रहार गरेको ढुङ्गाबाट सशस्त्र प्रहरी तामाङको टाउको फुटेको थियो । यो घटना न पहिलो हो, न त अन्तिम नै हुनेछ ।

नेपाल-भारत सीमा सुरक्षा गर्ने र नेपाल-भारतको सीमा सीमाङ्कन गर्नुपर्ने कुरा धेरै पटक उठ्यो । सीमाङ्कन व्यवस्थित नहुँदा नेपाल-भारतका सीमा स्तम्भहरू धेरै हराइसकेको छ । कति सीमा स्तम्भहरू नेपालतिर सारिएका छन् । कति सीमा स्तम्भ जीर्ण भइसकेको छ । सीमा स्तम्भ नभएको कारण भारतीय पक्षले नेपाली भूमि धेरै मिचिसकेको छ । मिचिएको नेपाली भूमि भारतले फिर्ता दिएको छैन । यो भारतीय हस्तक्षेप हो । यो हस्तक्षेपमा भारतीय प्रशासनमात्र होइन भारतीय शासकहरूकै हात हुन्छ । यसकारण, नेपाल सरकारले नेपाल-भारतको सीमा प्रमाणको आधारमा वैज्ञानिक तरिकाबाट सीमाङ्कन गर्नुपर्छ । सीमाङ्कन भएपछि आवश्यकताअनुसार सीमा स्तम्भ गाड्ने या पर्खाल लगाउने या काँडेबार लगाउने गर्नुपर्छ । नेपाल-भारत सीमामा बस्ती नहुने, त्यति आवतजावत नहुने हुँदा स्तम्भ फाल्ने, सार्ने र सीमा मिच्ने काम बढेको देखिन्छ, जुन भारतीय पक्षले गरिरहेको छ ।

नेपाल-भारत सीमा व्यवस्थापन गर्ने काम भारतीय पक्षले गर्दैन । भारतले देशका विभिन्न ठाउँमा सीमा मिचिरहेको छ । नेपाली भूमि मिचेको देश भारतले सीमा व्यवस्थापनप्रति वास्ता नगर्ने हुँदा त्यसको अगुवाइ नेपाल या पीडित पक्षले गर्नुपर्छ । कालापानीमा रहेको भारतीय सेना फर्काउने काम पनि भारतीय पक्षले गर्दैन । कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत अन्य नेपाली भूमि कायम गर्न र गराउन नेपाल सरकारले पहल गर्नुपर्छ । लिपुलेक, लिम्पियाधुरा आदि नेपाली भूमि गाभेको भारतीय नक्सा फेराउन नेपाल सरकारले पहल गर्नुपर्छ । नेपाल सरकारले यसतर्फ पाइला चालेन भने भोलि नयाँ पुस्ताले नेपालको भूमि पनि सुरक्षा गर्न नसक्ने सरकार र शासक दल भनी धिक्कार्नेछ । नयाँ समीकरणमा अभ्यस्त सत्तासीन दलका नेताहरूले कसले मन्त्रालयको भाग पाउनेमा भन्दा यसतर्फ बहस गर्नुपर्ने हो ।

नेपाली भूमि साँगुरिँदै छ । नेपालको भूमि नक्साङ्कन गर्‍यो भने पहिले सार्वजनिक गरिएको जति भूमि छ कि छैन ? पछिल्लोपटक नेपालको नक्सामा लिपुलेक र लिम्पियाधुरा पनि गाभिसकेको छ । तद्नुसार नेपालको क्षेत्रफल छ कि छैन भन्नेतर्फ सरकार संवेदनशील देखिँदैन । आफ्नै देशको सम्पत्ति नजोगाउने, जोगाउनेतर्फ पहल नगर्ने सरकारले देश कसरी बनाउला ? देश जोगाउन पाइला नचाल्ने सरकार कसरी देशभक्त होला ? अत: सीमा सुरक्षा गर्न सीमाङ्कन गर्ने र सीमाङ्कन भएको ठाउँमा सीमा व्यवस्थापन गर्ने काम अपरिहार्य छ । सीमा व्यवस्थापन नभएसम्म सीमा विवाद भइरहन्छ । सीमा विवाद भएसम्म चाहेर पनि नेपाल र भारतको मित्रताको सम्बन्ध गहिरो हुने छैन । यसले नेपाल र भारतबिच शत्रुभाव कायम रहिरहनेछ । यसकारण, सीमा विवाद अन्त्य गर्नेतर्फ सरकारले पाइला चाल्नुपर्छ । अनि नेपाल-भारतबिचको गहिरो सम्बन्ध रहिरहनेछ ।

# ‘जादुगरी हतियार’ मिथक र सैन्य-औद्योगिक बृहत् योजना मृत्युबाट लाभ उठाउने बहाना

✍ ब्राडली ब्ल्याङ्कनशिप

रूस-युक्रेन युद्धले तान्दै जाँदा, पश्चिमी जनतालाई यो वा त्यो अचम्मको हतियार प्रणालीले द्वन्द्वको लहरलाई बदल्नेछ भनेर भनिएको छ । उक्त हतियार प्रणालीमा Javelins, HIMARS, Leopards, Storm Shadow, Bradleys, F–16s, र अहिले बनाइएका युरेनियम हतियारहरू समावेश छन् । तर, तीमध्ये कुनै हतियारले पनि युद्धको ज्वारलाई मौलिकरूपमा परिवर्तन गरेको छैन ।

यस गर्मीमा कीभको काउन्टर अफेन्सिभको सुस्त प्रगतिपछि, यो तड्कारै स्पष्ट छ कि युक्रेनलाई उच्च-प्रविधि उपकरणहरू दिनमा पश्चिमा शासकहरूले इच्छा गरिरहेका छैनन् । तर, रसद र आपूर्ति श्रृङ्खलाहरूलाई निरन्तरता दिइरहेका छन् । युद्ध भनेका को सँग चम्किलो खेलौना छ भन्ने कुरा होइन तर कोसँग सबैभन्दा धेरै सेना, ट्याङ्क र तोपखाना छ र तिनीहरूलाई छिट्टै तैनाथ गर्नसक्छ भन्ने हो । युद्धको मोर्चामा रूसले स्पष्टरूपमा युक्रेनलाई पछि पार्छ, रूसको तुलनामा युक्रेन धेरै सानो देश हो । पश्चिमा राष्ट्रहरू यस द्वन्द्वमा प्रत्यक्षरूपमा सामेल नहुने तथ्यका कारण र किभलाई सैन्य सहायताको विरूद्ध पश्चिमी जनताबाट बढ्दो असन्तुष्टिले गर्दा जनताको एक पक्ष शान्तिपूर्ण समाधानमा पुग्छन् कि भनेर सोचिरहेका छन् ।

युक्रेनले युद्ध जितिरहेको निरन्तर प्रचार गरिएको छ । तथापि, पछिल्लो घटनाक्रमले कुनै न कुनै रूपमा यथार्थमा रूसले विजय हासिल गरिरहेको देखाउँछ । रूसको त्यो जीत ठीक छ वा छैन र नैतिकताभित्र पर्छ वा पर्दैन प्रश्न एक ठाउँमा छँदै छ तर वास्तविकताले गरेको छ ।

यी दुई दृष्टिकोणहरू बिचको भिन्नता र उनीहरूले दर्शकहरूलाई कसरी प्रभावित गरेका छन् भन्नेबारेमा पनि चाखलाग्दो कुरा के छ भने उनीहरूलाई कसले समर्थन गरिरहेका छन् भन्ने कुरा पनि हो । पछिल्लो दृष्टिकोण राख्ने मानिसहरूलाई बिनाप्रमाण लगातार आरोप लगाइन्छ कि तिनीहरू रूसी सरकारद्वारा वित्तपोषित वा केही अमेरिकी गुप्तचर रिपोर्टहरूले सुझाव दिएअनुसार रूस सरकारका एजेन्टहरू हुन् ।

यसैबिच, क्विन्सी इन्स्टिच्युट फर रेस्पोन्सिबल स्टेटक्राफ्टले गरेको भर्खरको विश्लेषणले पत्ता लगायो कि अमेरिकी र पश्चिमा थिङ्क ट्याङ्कहरू रक्षा (हतियार) उद्योगद्वारा वित्तपोषित छन् ! हतियारका ठेकेदारहरूलाई युक्रेन-सम्बन्धित समाचार सामग्रीमा पश्चिमा सञ्चारमाध्यमहरूले चासोका साथ यी द्वन्द्वका वास्तविक कारणको रूपमा विरलै उद्धृत गर्छन् ।

हामीले यहाँ गतिशीलता बुझ्न महत्त्वपूर्ण र जरूरी छ : मिडियाले शाब्दिकरूपमा रक्षा ठेकेदारहरूको लागि सशुल्क विज्ञापन प्रचारकर्ताको रूपमा काम गरिरहेका छन् । केही सञ्चारमाध्यमहरूले निरन्तर समाचार प्रसार गर्दैनन् किनभने तिनीहरूको समाचार उत्पादनको केही विशेषलाइनले युद्धको ज्वार बदल्न सक्छ तर तिनीहरू त्यसो गर्न चाहँदैनन् । तिनीहरूले सम्झौता गरिएका विशेषज्ञहरूलाई पनि उद्धृत गर्छन् जसले थप रक्षा उत्पादनहरू बेच्नको लागि अनुकूल लाइनमाथि जोड दिन्छन् ।



यो आधुनिक द्वन्द्वको परिणाम धेरै भयावह कुरा हो । अफगानिस्तानमा पश्चिमाहरू बसेको दुई दशक हालको युक्रेनको दलदल वा ताइवान टापुको सम्भावित अवस्थाभन्दा कुनै गम्भीर भूराजनीतिक रणनीति वा मूल्यहरूको बारेमा थिएन । यो केवल मुठीभर कम्पनीहरूलाई धनी बनाउनेबारेमा थियो । अझ नराम्रो कुरा यो हो कि यो सार्वजनिक, करदाताको पैसा यस क्याबल (जुवा खाल) मा जान्छ । मुख्य रूपमा श्रमिकवर्गका कोषहरू खाली हुन्छन् । जब ऐतिहासिकरूपमा रीगन, बुश र ट्रम्प प्रशासनले कर कटौतीको निर्णय गरे । तब तिनीहरूले धनीहरूका लागि कर कटौती गरे । रक्षा ठेकेदार र रकम सहायता दिने मानिसहरूले स्पष्टरूपमा देखाउँछ कि मस्कोले आफ्नो सैन्य उद्देश्यहरू हासिल गरिरहेको छ । रणभूमिमा जित्नु स्वाभाविकरूपमा अधिक अनुकूल वार्ताको स्थितिमा अनुवाद हुन्छ र अन्यथा विश्वास गर्नु भनेको बनावटी विश्वासको (मेक-बिलिभ) को दायरामा बस्नु हो ।


केही मानिसहरू आदर्शवादी (वा अवसरवादीरूपमा) विश्वास गर्छन् कि पश्चिमले रूसको सैन्य शक्तिविरूद्ध युक्रेनको व्यर्थ लडाइँलाई समर्थन गर्नुपर्छ । यद्यपि, त्यो समर्थनले अन्तिम परिणामलाई चुनौती दिँदैन र थप मृत्यु तथा विनाशमात्र निम्त्याउँछ । धेरैले मृत्यु र विनाशलाई अवाञ्छनीय परिणामहरू मान्छन् । तसर्थ, पश्चिमी नेताहरूले गर्ने वार्ता-पहिलो दृष्टिकोणमा केन्द्रित हुनुपर्छ । पहिलेको दृष्टिकोण समाचार माध्यमहरूमा हाबी छ जबकि पछिल्लोले सोसल मिडिया (सामाजिक सञ्जाल) हरूमा ठुलो फलोअर प्राप्त युद्धलाई बढावा दिँदैनन् । लाभको उद्देश्य छैन भनी विश्वास गर्नु गम्भीर भूल हुन जान्छ ।

त्यतिमात्र कहाँ हो र यी अस्त्र निर्माता कम्पनीहरू मृत्यु र मानवीय पीडाबाट समेत लाभ उठाउँछन् । तिनीहरूले थिङ्क ट्याङ्कहरू भनेर चिनिने सूचना बङ्ग्याउने अभियान सञ्चालन गर्न सक्षम छन् । तिनीहरूले बाहिर ल्याएका समाचार सामग्रीहरूलाई व्यवसायिक पत्रकार र सञ्चारमाध्यमहरूले कुनै छानबिन नगरी उद्धृत गर्छन् । ती पत्रकारहरू या त अल्छी छन् या तिनीहरूसित सम्झौता गरेका छन् ।

***(लेखक प्रागमा बसोबास गर्नुहुने अमेरिकी पत्रकार, स्तम्भकार र राजनीतिक टिप्पणीकार हुनुहुन्छ ।)***

**-सीजीटीएनबाट**

**अनुवाद : प्रकाश**



पाठक पत्र

majdurdaily@gmail.com

# समयमा गाडी नआउँदा यात्रुहरू मर्कामा

तेलकोटबाट कमलविनायक हुँदै गौशाला चावहिल नयाँ बसपार्क जाने गाडी दिनहुँ समयमा आउँदैन । समयमा नआउँदा तेलकोट, खरीपाटी, भद्रकाली, सुविधानगर, बाँसघारीका सर्वसाधारण जनता मारमा परेका छन् । बिहान कलेज पढ्ने, दिउँसो स्कूल, कलेज, अफिस जाने र आफ्नो दैनिक कामकाज गरेर घर फर्कने मानिसमा निकै समस्या छ । समयमा अफिस पुग्न नसक्नु, स्कूल कलेज समयमा पुग्न नसक्दा त्यहाँका जनताले दु:ख पोखिरहेका छन् । आजभोलि त्यस क्षेत्रका जनताले भन्न थालिसके, जुनसुकै पार्टी चुनाव जिते पनि हाम्रो बाटोमा राम्रोसँग गाडी चलाएको छैन । जनताले कहिलेसम्म यो समस्या भोगिरहने ?

अहिलेको सरकारले यो समस्यालाई राम्रोसँग ध्यान दिनसकेको छैन । जनताको समस्यालाई समाधान गर्न नसक्ने सरकार कस्तो सरकार भन्ने प्रश्न जनताले उठाएका छन् । जनताको आँखामा छारो हाल्नेबाहेक यो सरकारले केही गर्नसकेको छैन । त्यसकारण, यसमा शासक दलका नेताहरू नै जिम्मेवार छन् ।


*- एक भक्तपुरवासी*

# ‘संरा अमेरिकी शैलीको लोकतन्त्र’ को पाखण्ड–२

**३. संरा अमेरिकी पैसामुखी राजनीतिको संस्थागत प्रणाली**

उन्नाइसौँ शताब्दीको उत्तरार्द्धमा संरा अमेरिकाको पैसामुखी राजनीतिमा ‘पोर्क–व्यारलिङ’ राजनीतिक प्रणालीको विकास भयो। निर्वाचनमा मत दिएबापत वा कुनै प्रकारको राजनीतिक समर्थन गरेबापत मत दिने वा समर्थन गर्ने व्यक्ति वा समूहको हितमा राज्य कोष लगानी गर्ने अभ्यासलाई अमेरिकामा ‘पोर्क–व्यारलिङ’ भनिन्छ । संरा अमेरिकामा चुनावमा विजयी भएको राजनीतिक पार्टीले चुनावी अभियानमा सहयोग गर्ने व्यक्तिहरूलाई सरकारी पदमा नियुक्त गरिन्छ । त्यस्ता व्यक्तिहरू राजनीतिक दलका मेरुदण्ड (प्रमुख व्यक्ति) र चुनावमा पार्टीका चन्दादाता हुने गर्छन् । ‘पोर्क व्यारलिङ’ ले राजनीतिक र सरकारी अधिकारीहरूबिच भ्रष्टाचारलाई प्रश्रय दिन्छ । त्यसले संरा अमेरिकाको प्रशासनिक चुस्तता पनि घटाएको छ । बीसौँ शताब्दीको सुरुदेखि संरा अमेरिकाले राजनीतिक दललाई चन्दा दिन थप बन्देजहरू लगाउने प्रयास गर्‍यो । तथापि संरा अमेरिकी लोकतन्त्रको पैसामुखी चरित्रमा कुनै प्रकारको परिवर्तन हुन सकेन । राजनीतिक व्यवस्थामा परिवर्तनको हरेक प्रयत्नले फेरि पनि कुनै न कुनै छिद्र भने छोडेकै हुन्छ । पैसामुखी राजनीतिको लागि पछाडिको चोर बाटो खोलेकै हुन्छ । वास्तवमा त्यसले पैसामुखी राजनीतिलाई वैधता दिने गरेको छ ।

प्रथमत: ‘चन्दा उठाउने ठेकेदारी’ (सुपर फन्ड रेजर) प्रणालीले यतिमात्र चन्दा उठाउन पाउने भनी तोकिएको सीमा नै वैधरूपमा नाघ्न दिन्छ । चुनावको लागि ठुलो परिमाणमा चन्दा उठाउने चन्दा ठेकेदार (महाचन्दा सङ्कलक) भनेको आफैँ पनि धनी व्यक्ति हुन्छ । उसको प्रत्यक्ष सम्बन्ध व्यापारिक घराना, कारोबारी, मनोरञ्जन उद्योगी र सांसद एवं नेताहरूलाई प्रभाव पार्न सक्ने व्यक्तिहरू (लबिस्ट) सँग हुन्छ । ती चन्दा ठेकेदारसँग धेरै स्रोत र सम्बन्ध हुन्छ । उनीहरूले आफ्नो व्यक्तिगत सम्बन्ध प्रयोग गरेर धेरै सङ्ख्यामा स–साना चन्दादाताबाट छोटो समयावधिमा धेरै परिमाणमा निश्चित उम्मेदवारको नाममा चन्दा सङ्कलन गर्न सक्छन् । उदाहरणको लागि सन् २०१६ को अमेरिकी राष्ट्रपति चुनावमा १ हजार ‘चन्दा ठेकेदार’ ले डेमोक्रेटिक पार्टीका उम्मेदवार हिलारी क्लिन्टनको लागि सम्पूर्ण चुनावी खर्चको एकतिहाइ चन्दा सङ्कलन गरेका थिए । ठुलो परिमाणमा चन्दा सङ्कलन गर्ने यो प्रणालीअन्तर्गत कुनै व्यक्तिले ठुलो परिमाणमा दिएको चन्दालाई कानुनी सीमाअनुसार हिसाब मिलान गरिन्छ । कानुनले तोकेको सीमाभन्दा बढी बाँकी रकम व्यक्तिगत नाममा राखिन्छ । ठुलो परिमाणको चन्दालाई वैध बनाउने यो एउटा तरिका हो । यस प्रकारको ठुलो परिमाणको चन्दा कसले दिएको हो भन्ने कुरा उम्मेदवारलाई थाहा हुन्छ । राजनीतिक प्रभाव र संरक्षणको लागि धनी व्यक्तिले चन्दा दिन यो तरिका अवलम्बन गरेको हुन्छ ।



अमेरिकामा आर्थिक विभेद

दोस्रो, संरा अमेरिकाको सर्वोच्च अदालतले राजनीतिक दललाई दिइने चन्दा (सफ्ट मनी) माथिको बन्देजलाई खुकुलो बनाएको छ । दुईदलीय चुनावी अभियान सुधार ऐन, २००२ (Bipartisan Campaign Reform Act (BCRA) of 2002) ले निश्चित उम्मेदवारलाई समर्थन गर्न राजनीतिक दललाई दिइने चन्दामाथि रोक लगायो । सङ्घीय चुनावी अभियान ऐन (The Federal Election Campaign Act - FECA) ले चुनावलाई प्रभावित बनाउन पैसा प्रयोग गर्नमा रोक लगाए पनि खासमा पैसा त्यस्तै प्रयोजनको लागि खर्च गरिन्छ । (FECA) ऐन खारेज गराउन त्यसविरुद्ध लगातार मुद्दा दायर हुँदै आएको छ । सन् २००७ मा विनकन्सिन राइट टु लाइफ कम्पनीविरुद्ध सङ्घीय निर्वाचन आयोगको मुद्दामा संरा अमेरिकी सर्वोच्च अदालतले चुनावको अन्तिम चरणमा सङ्घीय चुनावका उम्मेदवारको पक्ष वा विपक्षमा कुनै व्यापारी कम्पनी र सङ्गठनले आर्थिक मद्दत गर्न निषेध गर्नु संरा अमेरिकी संविधानको अभिव्यक्ति स्वतन्त्रताको सिद्धान्त उल्लङ्घन भएको आदेश दियो । सो सर्वोच्च अदालतको आदेशले दुईदलीय चुनावी अभियान सुधार ऐनले निर्देशित गरेको प्रावधानलाई खारेज गरेको छ । फलत: राजनीतिक क्षेत्रमा ठुलो परिमाणमा वैधानिकरूपमा चन्दा दिन छुट भएको छ । सन् २०१४ मा सङ्घीय चुनाव आयोगविरुद्ध मेकोनेल मुद्दामा सर्वोच्च अदालतले दिएको आदेशले राजनीतिक क्षेत्रमा चन्दा दिन नहुने प्रावधानलाई खारेज गर्‍यो । सो आदेश जारी हुनुअघि एक जना उम्मेदवारलाई २ हजार ६ सय अमेरिकी डलरले नबढ्ने गरी मात्र चन्दा दिन सकिने प्रावधान थियो । सङ्घीय चुनावको उम्मेदवार र राजनीतिक पार्टीलाई चन्दा दिन सकिने कुल चन्दा रकममा लगाइएको सीमा सो आदेशले खारेज गर्‍यो । निर्वाचनमा एकै समय एक जनाभन्दा बढी उम्मेदवारलाई चन्दा दिन सकिने र राजनीतिक दललाई असीमित परिमाणमा चन्दा दिन सो आदेशले मार्गप्रशस्त गर्‍यो ।

तेस्रो, पैसामुखी राजनीतिको मुख्य ज्यावल भनेको राजनीतिक गतिविधि गर्न महासमिति (Super political action Committees ( PACs)) हुने गरेको छ । यो समितिले चुनावी प्रयोजनको लागि चन्दा सङ्कलन गर्छ र सङ्कलित रकम कुन उम्मेदवारलाई कति दिने निर्णय गर्छ । धनाढ्य चन्दादाता (व्यक्ति र कम्पनी ) ले प्रत्यक्षरूपमा उम्मेदवार र राजनीतिक पार्टीलाई चन्दा दिनुबाहेक त्यस्ता महासमितिमार्फत पनि चन्दा दिन सक्छन् । यस्ता महासमितिको अभ्यास सन् १९३० को दशकबाट आरम्भ भएको थियो । महासमिति व्यापारी र स्वतन्त्र राजनीतिक समूह सम्मिलित राजनीतिक समिति हो । यस्ता समितिले चन्दा सङ्कलन गर्नुका साथै व्यक्ति तथा व्यापारिक सङ्गठनले दिन मिल्ने चन्दाको सीमासम्बन्धी संरा अमेरिकी कानुन मिच्ने वैधानिक बाटो खोल्छ । महासमितिले सबै व्यक्तिसँग चन्दा सङ्कलन गर्छ र उम्मेदवारहरूलाई के कति चन्दा दिने निर्णय गर्छ । महासमितिहरू ठुला व्यापारिक सङ्गठन र विशेष स्वार्थ समूहसँग सम्बन्धित हुन्छन् । महासमितिहरूले प्रायश: निश्चित उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार गर्छन् । तिनीहरूले चन्दा दिने व्यापारिक सङ्गठन र स्वार्थ समूहका हितको प्रतिनिधित्व गर्छन् । सन् १९७१ मा सङ्घीय चुनाव अभियान ऐन जारी भएपश्चात् चुनावी अभियानमाथिका बन्देज न्यून भएपछि यस्ता समिति निकै तीव्रगतिमा विकास भए । महासमितिले देखाएका तरिकामार्फत चुनावमा व्यापारिक कम्पनी, व्यक्ति र स्वार्थ समूहका पैसा चुनावी गतिविधिमा ओइरियो । सन् २०१० मा सर्वोच्च अदालतले जारी गरेको एउटा आदेशले स्वतन्त्र महासमितिलाई व्यक्तिगत र साङ्गठनिक माध्यमबाट चन्दा दिन सबै प्रकारका बन्देज खारेज गर्‍यो । त्यो आदेश महासमितिहरूका लागि फलिफापसिद्ध भयो । त्यसपछि संरा अमेरिकामा महासमितिका सङ्ख्या एकाएक बढ्यो । तथ्याङ्कअनुसार सन् २०१६ को अगस्ट ८ सम्ममा २ हजार ३१६ गैरनाफामुखी र गैरदलीय महासमिति औपचारिक दर्ता गरिए । महासमितिहरूसँग चन्दा सङ्कलन गर्ने बलियो क्षमता हुन्छ र चुनावमा उनीहरूले बलियो प्रभाव पार्न सक्छन् । व्यापारी र धनी व्यक्तिले त्यस्ता महासमितिमार्फत चुनाव प्रभावित हुने गरी बिनारोकतोक प्रत्यक्ष आर्थिक लगानी गर्न सक्छन् । सन् २०१६ को राष्ट्रपति निर्वाचनमा त्यस्ता महासमितिहरूले धेरै चन्दा सङ्कलन गरेका थिए । प्रायोरिटी यूएसए एक्सन नामको महासमितिले १७ करोड ६० लाख अमेरिकी डलर बराबरको चन्दा सङ्कलन गरेको थियो । त्यसले डेमोक्रेटिक पार्टीका उम्मेदवार हिलारी क्लिन्टनलाई समर्थन गरेको थियो । सोरोस नामका एक जना महाधनाढ्य लगानीकर्ताले प्रायोरिटी यूएसए एक्सनलाई ६ करोड अमेरिकी डलर चन्दा दिएको थियो । थोमस स्टेएर नामको एक जना अर्का लगानीकर्ताले ५ करोड ७० लाख अमेरिकी डलर बराबरको चन्दा अर्को एउटा महासमितिलाई दिएको थियो । त्यसले पनि हिलारी क्लिन्टनलाई नै समर्थन गरेको थियो ।

**४. पैसामुखी राजनीतिका दुष्परिणाम**

पहिलो कुरा त पैसामुखी राजनीतिले सर्वसाधारण जनतालाई आफ्ना राजनीतिक अधिकारबाट वञ्चित गर्छ । संरा अमेरिकाले प्रायश: ‘एक व्यक्ति एक मत’ को संरा अमेरिकी शैलीको लोकतन्त्रको कुरा गर्छ । तर, वास्तविकतामा न्यून आय भएका संरा अमेरिकी नागरिकको मताधिकार निषेध गरेको हुन्छ । संरा अमेरिकी न्युज एन्ड वर्ल्ड रिपोर्टले सन् २०१० देखि २०१५ सम्म प्रकाशित समाचारअनुसार संरा अमेरिकाका २१ वटा राज्यले मताधिकारमाथि निषेध गर्ने नयाँ कानुन ल्याएको छ । सन् २०१६ को राष्ट्रपति निर्वाचनमा १४ वटा राज्यले मताधिकार निषेध गर्ने नयाँ कानुन कार्यान्वयनमा ल्याएको थियो । ती कानुनको मूल ध्येय भनेको गरिब जनतालाई मताधिकारको लागि पञ्जीकरण गर्नबाट रोक लगाउनु थियो । सन् २०१७ को नोभेम्बर २१ मा न्युजविक पत्रिकाको वेभसाइटमा प्रकाशित समाचारअनुसार गरिबीकै कारण संरा अमेरिकाका हजारौँ जनतालाई मताधिकारबाट वञ्चित गरिएको छ । संरा अमेरिका नौ वटा राज्यले महान्यायाधिवक्ता वा अदालतलाई तिर्नुपर्ने जरिवाना नतिर्ने नागरिकलाई मताधिकारबाट वञ्चित गर्ने कानुन पारित गरेको छ । अलाबामा राज्यमा मात्र अदालती दस्तुर नतिरेको भन्दै एक लाखभन्दा बढी संरा अमेरिकी नागरिकको नाम मतदाता नामावलीबाट मेटिएको थियो । त्यति मतदाता सङ्ख्या भनेको सो राज्यको कुल मतदाताको ३ प्रतिशत मतदाता हुन आउँछ । त्यसैकारण संरा अमेरिकी निर्वाचनहरूमा न्यून मतमात्र खस्ने गर्दछ । सन् १९४० को दशकयता गत सन् २०१४ को मध्यावधि चुनावमा सबभन्दा न्यून सङ्ख्यामा मत खसेको थियो । त्यो निर्वाचनमा संरा अमेरिकाभरिबाट औसत ३७ प्रतिशतमात्र मत खसेको थियो ।

दोस्रो, सरकारी पद धनी र माथिल्लोवर्गकै मौजाजस्तै बनेको छ । संरा अमेरिकी राजनीतिक अभ्यासअनुसार चुनाव जितेपछि निर्वाचित व्यक्तिले आफ्नो चुनावी अभियानमा उल्लेख्य मद्दत गर्ने व्यक्तिहरूलाई नै सरकारी पदमा नियुक्ति दिने गरेको छ । मुख्य चन्दादाता र चन्दा सङ्कलकले नै सरकारी पदमा नियुक्ति खाने गर्दछ । पदभार ग्रहण गरिसके संरा अमेरिकी राष्ट्रपतिले ठुलो सङ्ख्यामा चन्दादातालाई विभिन्न देशमा संरा अमेरिकी राजदूत बनाउने गर्छ । सन् २००० को राष्ट्रपति निर्वाचनपछि सरकारका एकतिहाइ पदमा निर्वाचित राष्ट्रपतिका आफन्त, साथी र चुनाव जिताउने प्रमुख चन्दादातालाई नियुक्ति दिइएको थियो । सन् २००८ को राष्ट्रपति निर्वाचन जित्न सहयोग गर्ने ५५६ जना ‘चन्दा ठेकेदार’ मध्ये एकतिहाइले सरकारी पदमा नियुक्ति पाएका थिए अथवा तत्कालीन सरकारका सल्लाहकार बनेका थिए । ५ लाख अमेरिकी डलरभन्दा बढी चन्दा सङ्कलन गर्ने ८० प्रतिशत चन्दा ठेकेदारलाई महत्त्वपूर्ण पदमा नियुक्ति दिइएको थियो ।

तेस्रो, पैसामुखी राजनीतिले प्रष्टत: धनी वर्गकै हित गर्छ । चुनावमा चन्दाको नकारात्मक परिणाम भनेको थोरै सङ्ख्यामा रहेका धनी मानिसहरूको अत्यधिक बहुमत जनताको भन्दा बढी प्रभाव हुन्छ । जसकारण धनीको हितमा ऐन कानुन बन्छ । धनीलाई ती कानुनले क्षति गरेको हुन्छ । पैसाले कानुन निर्माण र सरकारी निर्णयमा प्रभाव पार्न सकिने भएपछि धनी व्यक्तिले चुनावमा चन्दा दिन्छन् । त्यसबापत उम्मेदवारले उनीहरूलाई फाइदा दिने वाचा गर्छन् र उनीहरूको पक्षमा कानुन बनाउने प्रतिबद्धता व्यक्त गर्छन् ।

पैसाको सहारामा निर्वाचित भएका राष्ट्रपति र सरकारले नि:सन्देह धनीकै हितमा काम गर्छ । धनीकै पक्षमा ऐन–कानुन बनाउँछ । खुलमखुला वा गोप्यरूपमा धनीकै हितमा उनीहरूले काम गरिरहेका हुन्छन् । यो पैसा र शक्तिको गोप्य कारोबार हो । सन् २०१७ मा निर्वाचित भएको रिपब्लिकन सरकारले संरा अमेरिकाका धनीवर्गको प्रतिनिधित्व गर्ने कुरा सर्वविदित सत्य हो । सन् २०१७ मा संरा अमेरिकी संसद्ले पारित गरेको सङ्घीय बेरोजगारी कर ऐनले कर कटौती गर्ने दाबी गरेको थियो । तर, व्यवहारमा सबै जनताको लागि कर कटौती गर्ने उद्देश्यले त्यो कानुन बनेकै थिएन । त्यो ऐनले संरा अमेरिकाका धनी र ठुला व्यापारिक कम्पनीको मात्र कर कटौती गर्‍यो । गरिब जनताको टाउकोमा अझ करको भारी थोपर्‍यो । त्यो कानुनले धनी परिवारको आय करको दर ३९.६ प्रतिशतबाट ३५ प्रतिशतमा झार्‍यो । ४.६ प्रतिशतले करको दर घटाइयो । गरिब परिवारको करको दर भने १० प्रतिशतबाट १२ प्रतिशतमा उकासियो । यसप्रकार यो ऐनले धनी परिवारलाई फाइदा गरेको छ भने गरिब परिवारलाई हानि गरेको छ । सन् २०१७ को अन्त्यतिर गलअप पोलले गरेको सर्वेक्षणले ५६ प्रतिशत नागरिकले सो कानुनको विरोध गरेका थिए । २९ प्रतिशत जनताले मात्र समर्थन गरेका थिए । व्यापारिक करको सन्दर्भमा पनि त्यो ऐनले संयुक्त साझेदारी कम्पनीहरू जस्तै ठुला र सूचिकृत कम्पनीको आयकर ३५ प्रतिशतबाट २० प्रतिशतमा झारेको थियो । १५ प्रतिशतसम्म करको दर घटाइएको थियो । जबकि ८.६ प्रतिशत संरा अमेरिकी कम्पनीले मात्र सो कर न्यूनीकरण नीतिबाट लाभ लिएका थिए । एकल स्वामित्व र साझेदारीमा चलेका स–साना ९० प्रतिशत कम्पनीले भने त्यसबाट केही लाभ हासिल गर्न सकेनन् । सो ऐनअन्तर्गत ती साना कम्पनीका मालिकले सबभन्दा माथिल्लो दरमा व्यक्तिगत कर तिर्नुपर्‍यो । त्यो भनेको ३७ प्रतिशतसम्म कर तिर्नुपर्‍यो । उनीहरूको कर लाग्ने आम्दानीमा २० प्रतिशत मात्र कर छुट गरियो । पैसाले सामाजिक समानताको अवस्था भयावह बनाएको छ । संरा अमेरिकाको सामाजिक न्यायलाई पैसाले आधारभूतरूपमा क्षतिग्रस्त बनायो ।

चौथो, पैसामुखी राजनीतिले संरा अमेरिकाका गहिरिंदो राजनीतिक र सामाजिक समस्या समाधान गर्न निकै कठिन बनाएको छ । बन्दुकको बिगबिगी र बन्दुक हिंसा संरा अमेरिकाको प्रमुख राजनीतिक र सामाजिक समस्या हो । विगत केही वर्षदेखि संरा अमेरिकी समाजलाई यो समस्याले गहिरो गरी गाँजेको छ । विद्यालय र अरु सार्वजनिक स्थानमा गोलीकाण्ड बरोबर हुने गरेको छ । हरेक वर्ष संरा अमेरिकामा ३० हजारभन्दा बढी मानिस बन्दुकबाट हुने हत्या, दुर्घटना र आत्महत्याबाट हुने गरेको छ । १० हजारभन्दा बढी मानिस बन्दुकको हिंसाबाट मारिन्छन् । दुई लाखभन्दा बढी मानिस बन्दुकको कारण घाइते हुने गरेका छन् । ती वर्षमा बन्दुकमाथि कडा नियन्त्रण गर्न सकेको भए यो अवधिमा भएका अधिकांश मृत्यु र घटना रोक्न सकिन्थ्यो । तर, बन्दुक नियन्त्रणको विपक्षी नेसनल राइफल एसोसिएसन अफ अमेरिका (एनआरए) जस्ता स्वार्थ समूहले बन्दुक नियन्त्रण गर्ने सरकारको योजना चुनावी क्रियाकलापमा सहभागी बनेर र निर्णय तहमा प्रभाव पारेर विफल पारिदियो । त्यस्ता स्वार्थ समूहहरूले संरा अमेरिकाको राष्ट्रपति तथा संसदीय चुनावमा विशेष राजनीतिक भूमिका खेल्ने गर्छन् । सन् २०१० देखि २०१८ सम्ममा एनआरएले मात्र ११ करोड ३० लाख अमेरिकी डलर बराबरको खर्च महासमितिहरूमार्फत भएको थियो । एनआरए संरा अमेरिकाको प्रमुख बन्दुक नियन्त्रणविरोधी सङ्गठन हो र त्यहाँको सबभन्दा प्रभावशाली दबाब सङ्गठन हो । त्यसको वार्षिक सञ्चालन खर्च नै २५ करोड अमेरिकी डलरभन्दा बढी छ । चुनाव हुने वर्षमा उसको त्यो खर्च बढ्ने गरेको छ । उनीहरूले गर्ने ठुलो परिमाणको खर्चको कारण एनआरएले प्रतिनिधित्व गर्ने स्वार्थ समूह आफ्नो लक्ष्यमा निकै सफल छ । उनीहरूकै दबाबमा संरा अमेरिकाका सबै बन्दुक नियन्त्रणसम्बन्धी विधेयक विफल हुन्छन् जसले त्यहाँ बन्दुक नियन्त्रण अझै कठिन हुने गरेको छ ।

पैसामुखी राजनीतिले संरा अमेरिकी समाजको चरित्र उजागर गरेको छ । संरा अमेरिकाले आफूले आफैँलाई प्रजातान्त्रिक अभ्यासको सबभन्दा उत्तम उदाहरण भनी आत्मप्रशंसा गर्छ । मानवअधिकारको रक्षा गरिरहेको दाबी गर्छ । ‘संरा अमेरिकी शैलीको लोकतन्त्र’ धनी र पुँजीपतिवर्गको लोकतन्त्र हो । त्यसले कहिले पनि संरा अमेरिकी समाजको तल्लोवर्गको हित गर्दैन । संरा अमेरिकी संविधानमा उल्लेख भएका लोकतान्त्रिक अधिकार गोजीमा दाम भएका मानिसले मात्र प्रयोग गर्न सक्छन् । पैसाले नै राजनीति, राजनीतिक सहभागिता र बहसमा नियन्त्रण रहने संरा अमेरिकामा पैसाबिना ती सबै कुरा कहिल्यै साकार हुनसक्दैन । पैसामुखी राजनीतिले ‘संरा अमेरिकी शैलीको लोकतन्त्र’ लाई धुजाधुजा बनाएको छ ।

***नेपाली अनुवाद : नीरज***

# इरानले इजरायलमाथि गरेको प्रत्याक्रमणपछि पश्चिमा राष्ट्रहरू गम्भीर चिन्तामा

पेरिस, २ वैशाख (एएफपी/प्रेस टीभी)। इरानले शनिबार राति इजरायलमाथि गरेको प्रत्याक्रमणको कारबाहीले पश्चिमा देशका शासकहरुमा ठूलो त्रास र चिन्ता सिर्जना गरेको छ। इजरायले सिरिया र इराकमा रहेका इरानी सेनाका विभिन्न आधारहरुमा गरेको आक्रमणको बदलामा इरानले प्रत्याक्रमणको कारबाही गरेको हो।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले इस्लामिक गणतन्त्र इरानले इजरायलमाथि गरेको व्यापक आक्रमणको निन्दा गर्दै यसले गम्भीर तनाव निम्त्याएको बताउनुभएको छ।

उहाँले भन्नुभयो, “म यस क्षेत्रव्यापी तनावको वास्तविक खतराबारे निकै चिन्तित छु। मध्यपूर्वमा विभिन्न मोर्चामा ठूलो सैन्य मुठभेड निम्त्याउन सक्ने कुनै पनि कार्यबाट जोगिन सबै पक्षलाई आह्वान गर्दछु।”



अमेरिकी राष्ट्रपति जो बाइडेनले उच्च सुरक्षा अधिकारीहरूसँगको आपत्कालीन बैठकपछि इजरायललाई ‘आइरनक्लाड’ समर्थन गर्ने प्रतिबद्धता जनाउनुभएको छ। उहाँले भन्नुभयो, “इरानले इजरायलविरूद्ध गरेको आक्रमणबारे जानकारी लिन मैले आफ्नो राष्ट्रिय सुरक्षा टोलीलाई भेटेको छु। इरान र उसका सहयोगीहरूको खतराविरूद्ध इजरायलको सुरक्षाप्रतिको हाम्रो चट्टानी प्रतिबद्धता छ,” ह्वाइट हाउसमा भएको बैठकको तस्बिर पोस्ट गर्दै बाइडेनले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ।

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले एक वक्तव्य जारी गर्दै ‘लापरवाहीपूर्ण’ आक्रमणको निन्दा गर्दै यसले तनाव बढाउने र यस क्षेत्रलाई अस्थिर बनाउने खतरा रहेको बताउनुभएको छ। इरानले फेरि एकपटक आफ्नो घरआँगनमा अराजकता छर्न खोजेको देखाएको छ।

युरोपेली सङ्घका विदेश मामिला प्रमुख जोसेप बोरेलले एक्समा जारी गरेको सन्देशमा आक्रमणलाई ‘अकल्पनीय जोखिम वृद्धि र क्षेत्रीय सुरक्षाका लागि गम्भीर खतरा’ भन्दै निन्दा गर्नुभएको छ।

चीनको विदेश मन्त्रालयले आक्रमणलाई ‘गाजा द्वन्द्वको पछिल्लो बाछिटाको रूपमा चित्रण गर्दै संयमित हुन आग्रह गरेको छ। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले गाजामा युद्धविरामको माग गर्दै हालै पारित गरेको प्रस्तावको कार्यान्वयनको लागि चीनले आह्वान गरेको छ। “अन्तर्राष्ट्रिय समुदाय, विशेषगरी प्रभाव भएका देशहरूलाई यस क्षेत्रको शान्ति र स्थिरताका लागि रचनात्मक भूमिका निर्वाह गर्न चीन आह्वान गर्दछ,” विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

भारतीय विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै सबै पक्षलाई संयमता अपनाउन, हिंसाबाट जोगिन र कूटनीतिक वार्तामा फर्कन आग्रह गर्दै तत्काल तनाव कम गर्न आह्वान गरेको छ।

भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “इजरायल र इरानबिच बढ्दो शत्रुताले यस क्षेत्रको शान्ति र सुरक्षालाई खतरामा पारेकोमा हामी चिन्तित छौं। हामी तत्काल तनाव कम गर्न, संयमता अपनाउन, हिंसाबाट पछि हट्न र कूटनीतिको मार्गमा फर्कन इजरायल र इरानलाई आह्वान गर्दछौं। यसबाहेक, विदेश मन्त्रालयले इरान-इजरायल द्वन्द्वको स्थितिलाई नजिकबाट नियालिरहेको बताएको छ।

फ्रान्सका विदेशमन्त्री स्टेफन सेजोर्नेले भन्नुभयो, “यो अभूतपूर्व कदम चाल्ने निर्णय गरेर इरान आफ्नो अस्थिरताको कार्यहरूमा नयाँ स्तरमा पुगेको छ र सैन्य वृद्धिको जोखिम उठाइरहेको छ।”

बर्लिनका उच्च कूटनीतिज्ञले पनि आक्रमणले अस्थिरता निम्त्याउने चेतावनी दिँदै तेहरानलाई आक्रमण रोक्न आग्रह गरेका छन्। विदेशमन्त्री एनालेना बेर्बोकले भन्नुभएको छ, “हामी जारी आक्रमणको भर्त्सना गर्दछौं, यसले पूरै क्षेत्रलाई अराजकतामा धकेल्न सक्छ। “इरान र उसका सहयोगीहरूले यसलाई तत्काल रोक्नुपर्छ”, उहाँले भन्नुभयो।


*इरानी सेनाले इजरायलमाथि प्रत्याक्रमणको कारबाही गरेकोमा इरानको राजधानी तेहरानमा राष्ट्रिय झण्डा फहराई खुसीयाली मनाउँदै सर्वसाधारण जनता।*

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले ओटावामा पत्रकारसँग कुरा गर्दै क्यानडाले इरानले इजरायलमाथि गरेको हवाई आक्रमणको निन्दा गर्दै आफू र आफ्नो देश इजरायलको साथमा रहेको बताउनुभएको छ।

“अक्टोबर ७ मा हमासको नृशंस आक्रमणलाई समर्थन गरेको इरानको पछिल्लो कदमले यस क्षेत्रलाई थप अस्थिर बनाउनेछ र स्थायी शान्तिलाई थप कठिन बनाउनेछ,” उहाँले भन्नुभयो।


कायरोको विदेश मन्त्रालयले शत्रुता बढ्दै गएकोमा गहिरो चिन्ता व्यक्त गर्दै अधिकतम संयम अपनाउन आग्रह गरेको छ। मन्त्रालयले जारी गरेको वक्तव्यमा भनिएको छ, “द्वन्द्वको क्षेत्रीय विस्तारको जोखिमबारे पनि चेतावनी दिइएको छ र इजिप्टले ‘स्थितिलाई नियन्त्रण गर्न द्वन्द्वका सबै पक्षहरूसँग प्रत्यक्ष सम्पर्कमा रहनेछ।”

साउदी अरबको विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गरी ‘सैन्य गतिविधि वृद्धि’ प्रति चिन्ता व्यक्त गरेको छ। साउदी अरबले सबै पक्षलाई पूर्ण संयम अपनाउन र यस क्षेत्र र त्यहाँका जनतालाई युद्धको खतराबाट जोगाउन’ आह्वान गरेको छ। उसले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्लाई ‘अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने दिशामा आफ्नो जिम्मेवारी वहन गर्न’ आग्रह गरेको छ।

अर्जेन्टिनाका राष्ट्रपति जाभियर मिलेइको कार्यालयले एक विज्ञप्ति जारी गर्दै आक्रमणको सामना गर्न इजरायली पक्षसँग आफ्नो ‘ऐक्यबद्धता’ व्यक्त गरेको छ।

अर्जेन्टिनाको एक अदालतले सन् १९९० को दशकमा ब्यूनस आयर्सस्थित इजरायली दूतावास र यहुदी समुदायको केन्द्रमा भएको बम आक्रमणका लागि इरानलाई जिम्मेवार ठहर गरेको उल्लेख गरेको छ। अर्जेन्टिनी सरकारका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा भनिएको छ, “अर्जेन्टिनाले ‘इजरायलको सार्वभौमिकताको रक्षाका लागि विशेषगरी आतङ्कवादलाई बढावा दिने इरानी शासनविरूद्ध दृढतापूर्वक उभिनेछ।”

# जर्मनीका चान्सलर स्कोल्ज चीन भ्रमणमा



पेइचिङ, २ वैशाख (रासस/एएफपी)। जर्मनीको सबैभन्दा ठूलो व्यापारिक साझेदारसँग आर्थिक सम्बन्ध विस्तार गर्ने उद्देश्यका साथ जर्मनीका चान्सलर ओलाफ स्कोल्ज आइतबार चीन भ्रमणमा आउनुभएको छ।

चिनियाँ सरकारी प्रसारक सीसीटीभीका अनुसार स्कोल्ज आइतबार बिहान मन्त्री तथा व्यापारिक फर्म, कम्पनी र सङ्घसंस्थाका कार्यकारी प्रमुख सम्मिलित ठूलो प्रतिनिधिमण्डलसहित चोङकिङ महानगरमा पुग्नुभएको हो।

पश्चिमा राष्ट्रहरूले पेइचिङमाथि दबाब बढाइरहेको बेला निर्यातका दृष्टिकोणबाट युरोपको विशाल अर्थतन्त्रले विश्वको दोस्रो ठूलो अर्थतन्त्रबाट छुट्टिनुपर्ने आह्वानलाई अस्वीकार गर्ने र पेइचिङसँग व्यापार गर्न प्रतिबद्ध रहेको उल्लेख गर्ने अपेक्षा गरिएको छ। तर, चीनप्रतिको उहाँको मित्रतापूर्ण पहलले उद्योगहरूको लागि पेइचिङको भारी अनुदानको विरोध गर्दै आएका वासिङ्टन र युरोपेली सङ्घ (ईयू)का साझेदारहरूबिच आक्रोश पैदा गर्ने जोखिम रहेको छ।

“चीन जर्मनीका लागि वास्तवमै महत्त्वपूर्ण आर्थिक साझेदार रहेको छ”, स्कोल्जले शुक्रबार पत्रकारहरूलाई भन्नुभयो, “उहाँले चीनमा जर्मन कम्पनीहरूको लागि चीनमा समान व्यवसायिक अवसरको खोजीको प्रयास गर्नुहुनेछ।”

भूराजनीतिक मोर्चामा, स्कोल्जले आफ्नो भ्रमणलाई चिनियाँ राष्ट्रपति सी चिनफिङलाई उहाँका रूसी समकक्षी भ्लादिमिर पुटिनलाई लगाम लगाउन र युक्रेनमा रूस युद्धको अन्त्य गर्न मद्दत गर्न आफ्नो प्रभाव प्रयोग गर्न पनि दबाब दिने अनुमान गरिएको छ।

“चीन र रूसबिचको घनिष्ठ सम्बन्धलाई ध्यानमा राख्दै पेइचिङले रूसमाथि आफ्नो प्रभाव पार्न सक्ने सम्भावना छ,” बर्लिनस्थित जर्मन सरकारी स्रोतले बताएको छ।

चोङकिङ, साङ्घाई र पेइचिङको तीनदिने भ्रमणमा आउनुभएका जर्मन चान्सलर स्कोल्जको चान्सलरको रूपमा यो दोस्रो चीन भ्रमण हो।

## विश्व सङ्क्षेप

### फिरौती तिरी पानीजहाज फिर्ता

चटगाउ (बङ्गलादेश), २ वैशाख (रासस/एएफपी)। सोमालियाली समुद्री डाकुहरूले बङ्गलादेशको ध्वजावाहक मालवाहक पानीजहाज र त्यसका चालक दलका २३ सदस्यलाई आइतबार बिहानै उद्धार गरेको कम्पनीले जनाएको छ।

एमभी अब्दुल्लाह नामक सामान बोक्ने उक्त पानीजहाजलाई सोमालियाको मापुतोबाट संयुक्त अरब इमिरेट्स (यूएई) तर्फ ५५ हजार टनभन्दा बढी कोइला बोकी जाँदै गर्दा दर्जनौं समुद्री डाकुहरूको एक समूहले मार्चमा सोमाली तटबाट करिब एक हजार किलोमिटर टाढाको क्षेत्रबाट कब्जा गरेको थियो।

यमनको इरान समर्थित हुथी विद्रोहीले पानीजहाजमा गरेको आक्रमणबाट जोगिन अदनको खाडीबाट अन्तर्राष्ट्रिय नौसैनिक बल रेड सीमा परिचालन गरिएसँगै सोमालियाली समुद्री डाकूको गतिविधिमा वृद्धि भइरहेको बेला जहाज नियन्त्रणमा लिइएको थियो।

एमभी अब्दुल्लाहका मालिक केएसआरएम समूहले कार्गो जहाजका अपहरणकारीहरूसँग वार्ता गरी फिरौती तिरेपछि जहाज बङ्गलादेशको समयअनुसार आइतबार बिहान दुबईका लागि छुटेको थियो।

“हामीले समुद्री डाकुहरूसँग सम्झौता गरेका छौं” समूहको समुद्री शाखा एसआर शिपिङ्गका मिजानुल इस्लामले भन्नुभयो।

“चालक दलका सबै सदस्य सुरक्षित छन्। पैसाको बारेमा हामी थप केही भन्न सक्दैनौं।” उहाँले भन्नुभयो।

### डढेलो नियन्त्रणमा लिन सयौं सर्वसाधारण परिचालित

कुन्मिङ (चीन), २ वैशाख (रासस/सिन्हुवा)। चीनको युनान प्रान्तको जङ्गलमा शुक्रबारदेखि लागेको डढेलोलाई नियन्त्रणमा लिन दुई हजार ३०० भन्दा बढी स्थानीयले अविराम सङ्घर्ष गरिरहेका छन्।

राजधानी कुनमिङको जिनिङ जिल्लाको डियान्ताउ गाउँको बस्ती नजिकै जङ्गलमा शुक्रबार दिउँसो ४ बजेदेखि डढेलो लागेको थियो। घटनामा हालसम्म कुनै हताहतको खबर आएको छैन।

डढेलोले विशाल रूप लिँदै गएपछि बस्ती समेत जोखिममा परेको छ।

स्थानीय प्रशासनले डढेलो निभाउनका लागि ४६ वटा एक्सकाभेटर र दुईवटा हेलिकप्टर परिचालन गरेको अधिकारीले बताएका छन्।

# जापानमा जनावरमाथिको दुर्व्यवहारका घटनामा वृद्धि

टोकियो, २ वैशाख (रासस/सिन्हुवा)। जापानमा जनावरमाथिको दुर्व्यवहारको सङ्ख्या गत वर्षको तुलनामा वृद्धि भएको छ।

प्रहरीका अनुसार गत वर्ष जनावरमाथि भएका दुर्व्यवहारबारे दर्ता भएका मुद्दा अघिल्लो वर्षको १५ बाट बढेर १८१ पुगेको छ।

‘पशु कल्याण र व्यवस्थापन ऐन’ उल्लङ्घन गरेको आरोपमा सन् २०२३ मा त्यहाँ १८१ मुद्दा दर्ता भएका थिए। उक्त ऐनले जनावरलाई क्रूर र अनुपयुक्त व्यवहार गर्नबाट प्रतिबन्ध लगाएको छ।

सन् २०१० देखि सङ्कलन गर्न थालिएको तथ्याङ्कअनुसार यो सङ्ख्या अहिलेसम्मकै सबैभन्दा उच्च हो।

कुल दुर्व्यवहारका घटनाहरूमध्ये ९७ वटा बिरालो र ६५ वटा कुकुरहरू रहेका थिए भने कुखुरा, लोखर्के, खरायो, गाई, घोडा, कछुवालगायत रहेको उल्लेख गरिएको छ।

बिरालो र कुकुरका १६२ घटनामा जनावरलाई बेवारिसे छाडेको ६४ वटा घटना, मृत्यु वा चोटपटकको कारण ४१ र जनावरलाई राम्ररी खुवाउन नसकेका वा स्वच्छ वातावरणमा नराखेको ५७ घटना रहेका छन्। कोभिड महामारीको समयमा घरपालुवा जनावरहरू राख्ने मानिसहरू जनसङ्ख्या बढेको तर पछि सामान्य जनजीवनका कारण उनीहरू व्यस्त हुन थालेपछि पशु दुर्व्यवहारका घटनामा वृद्धि भएको प्रहरीले जनाएको छ।

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर, बाग्मती प्रदेश, नेपाल

## सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति : २०८०/१०/०१ देखि मिति २०८०/१२/३० सम्मको विवरण )

**१. निकायको स्वरुप र प्रकृति :**

स्थानीय नेवारी भाषामा ख्वप नामले चिनिने भक्तपुर, काठमाडौँ उपत्यकाको पुरानो नेवारी सांस्कृतिक केन्द्र हो । यो नगर नेपालको राजधानी काठमाडौँबाट १५ कि.मि. पूर्वमा अवस्थित छ । यस नगरपालिकाको पूर्वमा सूर्यविनायक र चाँगु नगरपालिका, पश्चिममा मध्यपुर नगरपालिका, उत्तरमा चाँगुनारायण नगरपालिका र दक्षिणमा सूर्यविनायक नगरपालिका पर्दछ । यो नगर समुन्द्री सतहबाट १४०१ मिटर माथि अवस्थित छ । यस नगर ६.८८ वर्ग कि.मि.मा फैलिएको छ । यस नगरमा ९० प्रतिशतभन्दा बढी नेवार र बाँकी ब्राह्मण, मुस्लिम र अन्य जातिहरू बसोबास गर्दछन् । वि.सं. २०७८ सालको जनगणनाअनुसार प्रारम्भिक जनसङ्ख्या भक्तपुर जिल्लामा ३०४६५१ र ऐतिहासिक नगरी भक्तपुरमा महिला ३९१९० र पुरुष ३९६६४ गरी जम्मा ७८८५४ जनता बसोबास गर्दछन् । नगरको जनघनत्व १२७५३ रहेको यस नगरमा औसत परिवार सङ्ख्या ६ रहेको छ भने जनसङ्ख्या वृद्धिदर १.६८ रहेको छ । यहाँका सम्पदा संरक्षणलाई प्रशंसा गर्दै युनेस्कोले यस सहरलाई सन् १९७९ मा विश्व सम्पदा सूचिमा सूचीकृत गरियो । जुजु धौ, भादगाउँले टोपी, हाकुपटासी, माटोको भाँडाँकुडा र हस्तकला आदिले भक्तपुर नगरको परिचय र मौलिकता झल्काउँछ ।

**२. निकायको काम, कर्तव्य र अधिकार :**

यस नगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ र वाग्मती प्रदेश कानुनबमोजिम स्थानीय तहसम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरू, समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानुनहरू, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरूसमेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**३) निकायमा रहने कर्मचारी विवरण :**

यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरूको सङ्ख्या, कर्मचारीको सेवा, समूह, तहसमेतको विस्तृत विवरण र नगरपालिकाको सङ्गठन संरचनासमेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारबाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको विवरण भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा समेत राखिएको छ ।

**४) निकायबाट प्रदान गरिने सेवा :**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ र वाग्मती प्रदेश कानुनबमोजिम स्थानीय तहसम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानुनहरू (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डसमेत), निर्णयहरू तथा भक्तपुर नगरपालिकाको अविछिन्न अभ्यासहरूको अधीनमा रही स्थानीय सरकारको रूपमा सेवा, सुविधाहरू प्रदान गरिरहेको छ ।

**५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :.**

यस नगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरू, समितिहरू, विभागहरू, शाखाहरू, उपशाखाहरू, १० वटा वडा कार्यालयहरू, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरू रहेका छन् । नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा उल्लेख गरिएको छ ।

**६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण भक्तपुर नगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक बडापत्रसमेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा समेत उल्लेख गरिएको छ ।

**७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, सङ्घीय, प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरू तथा समय समयमा हुने निर्णयहरूको अधीनमा रही प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतमार्फत निर्देशित कार्यसम्पादन गर्नको निमित्त नगर सभाबाट सङ्गठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरूको कार्यविवरण स्पष्ट तोकिएको छ । नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, योजना तथा प्राविधिक शाखा, सम्पदा उपशाखा र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

**८) निर्णयउपर उजुरी सुन्ने अधिकारी :**

यस नगरपालिकाको काम कारबाही सम्बन्धमा सेवाग्राहीहरूको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको केन्द्रीय स्तरमा निम्नबमोजिम गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

**पद** : कानुन अधिकृत
**नाम** : गणेशलाल फोंजु
**सम्पर्क नं** : ९८४१४४६८८८

**९) सम्पादन गरेको कामको विवरण :**

यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रूपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारबाहीहरू गर्दै आइरहेको छ ।

**१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :**

**कार्यालय प्रमुखको नाम** : वसन्त भट्टराई
**पद** : प्रमुख प्रशासकीय अधिकृत
**इमेल ठेगाना** : bhaktapurmuni@gmail.com
**सम्पर्क नम्बर** : ९८५१२७५१११

**सूचना अधिकारीको नाम** : दामोदर सुवाल
**पद** : सहायक निर्देशक
**सम्पर्क नम्बर** : ९८५१३३२०३३
**इमेल ठेगाना** : damodarsuwaldasu@gmail.com

**११) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची :**

भक्तपुर नगरपालिकासँग सम्बद्ध सङ्घीय र प्रदेश कानुनबाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि र निर्देशिकाहरूको परिकल्पना गरिरहेको छ । उक्त स्थानीय कानुनहरू स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरूको विस्तृत सूची भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा समेत राखिएको छ ।

**१२) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण :**

यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरणहरू भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा राख्ने गरिएको छ । मिति २०८०/१०/०१ देखि मिति २०८०/१२/३० सम्मको क्षेत्रगत बजेट तथा खर्च विवरण यसप्रकार रहेको छ ।

14/24, 10:22 AM SuTRA::

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड : ८०३३३४०२३००
क्षेत्रगत बजेट तथा खर्च

आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/१०/०१-२०८०/१२/३०

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०,४५,४४,३८०.०० | ३,१३,२४२.०० | ०.३ | १०,४२,३१,१३८.०० |
| १ | कृषि | १,३५,९४,३०६.०० | २,७५६.०० | ०.०२ | १,३५,९१,५५०.०० |
| २ | उद्योग | ५,२२,००,०००.०० | १,२४,१९०.०० | ०.२४ | ५,२०,७५,८१०.०० |
| ३ | पर्यटन | १५,००,०००.०० | १,७२,६९६.०० | ११.५१ | १३,२७,३०४.०० |
| ४ | सहकारी | ३५,००,०००.०० | १३,६००.०० | ०.३९ | ३४,८६,४००.०० |
| ५ | वित्तीय क्षेत्र | २,५०,००,०००.०० | ०.०० | ० | २,५०,००,०००.०० |
| ६ | जलश्रोत तथा सिंचाई | २७,५०,०७४.०० | ०.०० | ० | २७,५०,०७४.०० |
| ७ | पशुपन्छी विकास | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ८ | भूमि व्यवस्था | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| २ | सामाजिक विकास | ८३,२३,०४,८६९.०० | १३,६०,६९,३५३.७३ | १६.३५ | ६९,६२,३५,५१५.२७ |
| १ | शिक्षा | ४४,७२,४८,०००.०० | ८,१०,२६,०४२.७३ | १८.१२ | ३६,६२,२१,९५७.२७ |
| २ | स्वास्थ्य | १६,२१,३६,१२३.०० | १,११,१३,४३५.०० | ६.८५ | १५,१०,२२,६८८.०० |
| ३ | खानेपानी तथा सरसफाई | ६,०७,५७,१६५.०० | ४२,२८,५०४.०० | ६.९६ | ५,६५,२८,६६१.०० |
| ४ | भाषा तथा संस्कृति | १२,००,६७,५८१.०० | ३,०६,९२,६२१.०० | २५.५६ | ८,९३,७४,९६०.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ९२,४६,०००.०० | १५,३८,६४४.०० | १६.६४ | ७७,०७,३५६.०० |
| ६ | युवा तथा खेलकुद | २,५१,००,०००.०० | ४०,०५,६५६.०० | १५.९६ | २,१०,९४,३४४.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ७७,५०,०००.०० | ३४,६४,४५१.०० | ४४.७ | ४२,८५,५४९.०० |
| ३ | पूर्वाधार विकास | ४४,७४,१०,६१०.०० | ३,९४,६६,६९०.०० | ८.८२ | ४०,७९,४३,९२०.०० |
| १ | यातयात पूर्वाधार | ४,४८,४५,७७५.०० | ५६,७२,६३१.०० | १२.६५ | ३,९१,७३,१४४.०० |
| २ | भवन, आवास तथा सहरी विकास | ३८,११,६४,८३५.०० | ३,१३,४८,३५०.०० | ८.२२ | ३४,९८,१६,४८५.०० |
| ३ | ऊर्जा | ३३,००,०००.०० | ०.०० | ० | ३३,००,०००.०० |
| ४ | संचार तथा सूचना प्रविधि | ६३,००,०००.०० | ०.०० | ० | ६३,००,०००.०० |
| ५ | पुनर्निर्माण | १,१८,००,०००.०० | २४,४५,७०९.०० | २०.७३ | ९३,५४,२९१.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८०,८४,१४१.०० | ३,३७,०८६.०० | ४.१७ | ७७,४७,०५५.०० |
| १ | विपद व्यवस्थापन | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| २ | कानुन तथा न्याय | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| ३ | तथ्यांक प्रणाली | ९,००,०००.०० | ३,३७,०८६.०० | ३७.४५ | ५,६२,९१४.०० |
| ४ | गरिबी निवारण | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| ५ | योजना तर्जुमा र कार्यान्वयन | ८,८४,१४१.०० | ०.०० | ० | ८,८४,१४१.०० |
| ६ | प्रशासकीय सुशासन | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४४,४३,००,०००.०० | ८,८०,६३,७४२.०४ | १९.८२ | ३५,६२,३६,२५७.९६ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४४,४३,००,०००.०० | ८,८०,६३,७४२.०४ | १९.८२ | ३५,६२,३६,२५७.९६ |
| | कुल जम्मा | १,८३,६६,४४,०००.०० | २६,४२,५०,११३.७७ | १४.३८ | १,५७,२३,९३,८८६.२३ |

**१३) तोकिए बमोजिमको अन्य विवरण :**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा राखिएको छ ।

**१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**

यस नगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रमबमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :**

भक्तपुर नगरपालिकासँग सम्बन्धित सङ्क्षिप्त विवरण एवं सूचनाहरू जानकारीको लागि भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा रहेको छ ।

**१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण :**

नेपाल सरकार, वाग्मती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिएबमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता भए/नभएको विवरण भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा रहेको छ ।

**१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**

नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरू आ.व.२०८०/०८१ को बजेट, नीति तथा कार्यक्रमअन्तर्गत रहेको छ । सोको प्रगति प्रतिवेदन भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा रहेको छ ।

**१८) सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरूको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरू नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**१९) सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरूले नगरपालिकासंग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८०/१०/०१ गतेदेखि मिति २०८०/१२/३० गतेसम्ममा १० जना निवेदकहरूलाई सूचना उपलब्ध गराइएको छ भने हेल्लो सरकारमार्फत ४ जनाको गुनासो सुनुवाइ भएको छ । उक्त विवरण नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा समेत राखिएको छ ।

**(२०) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :**

महत्वपूर्ण सूचनाहरू राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण भक्तपुर नगरपालिकाको वेबसाइत www.bhaktapurmun.gov.np मा राख्ने गरिएको छ । भक्तपुर एफ.एम., भक्तपुर नगरपालिकाको मासिक बुलेटिन 'भक्तपुर मासिक' , पाक्षिक बुलेटिन 'ख्वप पौ' , अनलाइन पत्रिका www.bhaktapurkhabar.com र फेसबुक पेज Bhaktapur Municipality मार्फत समेत नगरपालिकासम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरू सार्वजनिक भइरहेका छन् ।

# आइतबारदेखि विद्यार्थी भर्ना अभियान सुरु

काठमाडौँ, २ वैशाख (रासस) । 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने नाराका साथ शैक्षिकसत्र - २०८१ का विद्यार्थी भर्ना अभियान आइतबारदेखि देशभर सुरू भएको छ ।

अभियानको पहिलो दिन आइतबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतका शिक्षा तथा मानवस्रोत विकास केन्द्रले अभियान सफल बनाउन स्थानीय तह र सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

शिक्षामन्त्री सुमना श्रेष्ठको उपस्थितिमा भर्चुअल माध्यमबाट अन्तर क्रिया गरी केन्द्रले सबै स्थानीय तहका शिक्षा प्रमुख, एकाइ प्रमुख, नगरपालिका महासङ्घ, गाउँपालिका महासङ्घलाई आग्रह गरेको हो ।

मन्त्री श्रेष्ठले शिक्षा पाउने नागरिकको संवैधानिक हक कार्यान्वयनको लागि सरकार प्रतिबद्ध भएकोले सबैले सहयोग गर्न आग्रह गर्नुभयो ।

केन्द्रले विद्यार्थी भर्ना अभियान सहजीकरण कार्ययोजना तयार गरी कार्यान्वयनको लागि तीनै तहका सम्बन्धित निकायमा पठाएको छ । केन्द्रका महानिर्देशक दीपक शर्माले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घले भर्ना भएका विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरी विद्यार्थी भर्नाको शुभारम्भ गरिने जानकारी दिनुभयो ।

वैशाख ५ गते अभियानको ब्यानरसहित घरदैलो कार्यक्रम, सूचना र आह्वान, वैशाख ७ गते अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहणको लागि आह्वान गर्ने कार्यक्रम छ । अभियानअन्तर्गत वैशाख २ देखि २१ गतेसम्म एफएम रेडियोबाट अभियानको सन्देश प्रसारण गराइनेछ । वैशाख १० गतेसम्म भर्ना भएका विद्यार्थीलाई सोही दिन पोसाक र छात्रवृत्ति वितरण गरिनेछ ।

वैशाख १५ देखि २० गतेसम्म शिक्षा विकास तथा समन्वय एकाइबाट प्राप्त विवरणका आधारमा विद्यार्थी विवरण तयार गरी मन्त्रालयमा पठाइने छ । अधिकांश निजी लगानीका विद्यालयले वैशाखको पहिलो सातादेखि कक्षा सञ्चालन हुने गरी भर्ना प्रक्रिया सुरू गरिसकेका छन्

*बझाङ...*

सम्पर्क समिति गठन गरेको छ ।

चैत २८ गते जयपृथ्वी नगरपालिका वडा नं ४ गोलाइ, भिरमुनि पानकोटमा र २९ गते वडा नं १० चैनपुर बजारमा चुनावी प्रचारप्रसार गर्न उम्मेदवार खगेन्द्रबहादुर शाहीले नेपाल मजदुर किसान पार्टीको चुनाव चिह्न मादलमा छाप हाल्न आग्रह गर्नुभयो । कैलाली अध्यक्ष रमेशकुमार रावल र कञ्चनपुर सदस्य मिनु गिरीले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म : २०३३/०९/२४
निधन : २०८०/१२/३०

यस गुठीका सूर्यविनायक न.पा.९ नंखेल बस्ने **श्रीकृष्ण बनमाला**को दु:खद निधन भएको आज चौथो दिन(लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बनमाला नचा गुठी परिवार**
भ.न.पा.७, इनाचो, भक्तपुर



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

### माटो बिक्रीसम्बन्धी पुन:सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२८ गते

उपरोक्त सम्बन्धमा भक्तपुर नगरपालिका वडा नं. ६, देकोचामा प्रस्तावित अरनिको सभागृह भवन निर्माणको लागि जग खन्ने क्रममा निस्किएको माटो तत्काल बिक्री/व्यवस्थापन गर्नुपर्ने देखिएकोले हाललाई करिब ३३०० घ.मि. माटो तपसिलमा उल्लेखित दररेटमा नघट्ने गरी के कति दर रेटमा निर्माण स्थलबाटै आफैँ लोड गरी खरिद गरी लान सिलबन्दी निवेदन वा प्रस्ताव पेस गर्न हुन यसअघि सूचना प्रकाशित गरिएकोमा म्यादभित्र पर्याप्त सिलबन्दी निवेदन/प्रस्ताव पेस हुन नआएकोले इच्छुक कम्पनी वा व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले तीन (३) दिनभित्रै सिलबन्दी निवेदन वा प्रस्ताव पेस गर्न हुन पुन: सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि भ.न.पा. योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्नसमेत अनुरोध छ ।

तपसिल

१) प्रतिघन मि. रु. २९४।८० (दुई सय चौरानब्बे रूपैयाँ असी पैसा मात्र)



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### उत्कृष्ट खेलाडी छनोटसम्बन्धी सूचना

नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना तथा २०८० सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्समा उत्तीर्ण प्रशिक्षकहरूलाई (रिफ्रेसर कोर्स गर्नेहरूबाहेक) सम्मान कार्यक्रम गर्ने भएकोले सम्पूर्ण सम्बन्धित खेलाडी, रेफ्री, प्रशिक्षकहरूले आ-आफूले २०८० सालमा प्राप्त गर्नुभएका प्रमाणपत्रहरूको प्रतिलिपि मिति २०८१ वैशाख २० गतेभित्र सम्बन्धित खेल सङ्घको सिफारिससहित भनपा प्रशासन शाखा वा राय ह्यान्डिक्राफ्ट खौमामा पेस गर्नुहुन अनुरोध गरिन्छ ।



## हार्दिक समवेदना



जितेन्द्रप्रसाद थिके

जन्म : २०११/०२/१७ निधन : २०८०/१२/२७



नारायणदेवी श्रेष्ठ

जन्म : १९९५/०४/०२ निधन : २०८०/१२/२८

च्वङा गणेश स्थान विकास संस्थाका आदरणीय सल्लाहकार जितेन्द्रप्रसाद **थिके**को असामयिक निधन भएकोमा च्वङा गणेश स्थान विकास संस्था परिवार अत्यन्त स्तब्ध र मर्माहत भएका छौँ । यस दु:खद घडीमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्नसक्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

च्वङा गणेश स्थान विकास संस्थाका आदरणीय सल्लाहकार ई.नरेन्द्र श्रेष्ठकी ममतामयी माता नारायणदेवी श्रेष्ठको असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्नसक्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

अध्यक्ष

**च्वङा गणेश स्थान विकास संस्था परिवार**
सल्लाघारी-१, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा